# परिच्छेद - १
# सामान्य परिचय

## १.१ परिचय:

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली आत्मसात गरी देशमा दिगो विकास, सुशासन, शान्ति सुरक्षामा चुस्त-दुरुस्तता कायम गर्ने अपेक्षा गरेको छ। नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था छ । यसका साथै मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने एवं संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेका अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संविधानमा व्यवस्था गरिएको छ । यस प्रदेशका माननीय मुख्यमन्त्रीबाट मिति २०७४।१२।०७ गतेको सिफारिस बमोजिम प्रदेश प्रमुखबाट मिति २०७४।१२।१४ गते पहिलो मुख्य न्यायाधिवक्तारुपमा पद तथा ओहदाको सपथ लिएपश्चात नितान्त नयाँ संरचनाको रुपमा मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना संविधानको मूल मर्म अनुरुप संघीयताको सफल कार्यान्वयनको लागि सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा गरिएको छ । संविधानले परिकल्पना गरेको कानूनी शासनको सर्वोच्चता र मानव अधिकार तथा मौलिक अधिकार जस्ता लोकतन्त्रका आधारभूत विशेषताहरुको सम्मान गर्दै शासनमा जनताको सहभागिता सुनिश्चित गर्न समानुपातिक समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको नयाँ अभ्यास हुँदै आएको छ । विगतको ईतिहासमा संविधान लेखनका लागि समिति, आयोग गठन गर्ने कार्य हुने गरेकोमा नेपालको संविधान जनताको आवश्यकता र चाहनालाई अनुरुप संविधान सभाबाट जारी गरिएको हो । यस संविधानमा विगतमा भएका जनआन्दोलनबाट प्राप्त उपलव्धीहरुको रक्षा गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्न संघीय सरकार सहित ७ वटा प्रदेश सरकार तथा ७५३ वटा स्थानीय सरकारले संविधान प्रदत्त अधिकार र दायित्वको उचित पालना गर्नु अत्यन्त जरुरी छ । मुख्य न्यायाधिवक्ताको कार्यालय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश मातहत रहने कार्यालय हो। यद्यपि यस कार्यालयको कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने संविधान व्यवस्था रहेकोमा सरकारी वकीलको व्यवस्थापन प्रदेश सरकारबाट सेवासुविधा पाउनेगरी महान्यायाधिवक्ताको कार्यालयले गरिरहेको छ भने प्रशासनिक कर्मचारी प्रदेश सरकारलेनै गर्दै आएको छ। संविधानले परिकल्पना गरेको मुख्य न्यायाधिवक्ताको कार्यालय नितान्त नयाँ अभ्यास भएको हुँदा सुदूरपश्चिम प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ जारी पश्चात विधिवतरुपमा कार्यालय संचालन गर्न कानूनी आधार बनेको हो। यसै ऐनमा गरिएका व्यवस्था बमोजिम मुख्य न्यायाधिवक्ताबाट नियमित कार्यसम्पादन हुँदै आएको छ । यस कार्यालयको संरचना, संगठनात्मक व्यवस्था तथा कार्यको प्रकृति संभवत: नौलो अभ्यास भएको

हुँदा अन्य प्रदेशस्तरीय समकक्षी कार्यालयहरुबीच आपसी समन्वय तथा सहकार्यका आधारमा कार्यालयलाई संस्थागत गर्नुपर्ने अपरिहार्य हुन जान्छ।

## १.२ मुख्य न्यायाधिवक्ताको जिम्मेवारी

नेपालको संविधान २०७२ जारी भएसँगै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्वीकार गरेको राष्ट्र हो। संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी सातवटै प्रदेशमा एक/एक जना मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ । संघीयता कार्यान्वयन गर्ने उद्देश्यले संविधानमा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र निजले संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकार मातहतका विभाग/कार्यालयहरुबाट माग भए बमोजिम कानूनी राय सल्लाह दिने व्यवस्था गरेको छ। यसका साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ ले देहाय बमोजिमका व्यवस्थाहरु गरेको छ :-

(१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको अदालतमा विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने ।

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने ।

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भईरहेको कानून संशोधन गर्न वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने ।

(ङ) प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यवहार गर्न

आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने ।

(च) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्ने वा कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई सम्वन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुख्य न्यायाधिवक्ता पदमा वहाल रहदाको अवधिभर प्रदेश सरकार पक्ष विपक्ष भएको मुद्धामा वाहेक नागरिक पक्ष विपक्ष भएको मुद्धामा वहस, पैरवी वा प्रतिरक्षा गर्ने उद्देश्यले नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी संमक्ष उपस्थित हुने अधिकार हुनेछैन ।

(७) मुख्य न्यायाधिवक्ताले सम्वन्धित प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्नेछ ।

(८) मुख्य न्यायाधिवक्ताले विषयको गाम्भिर्यताको आधारमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न विज्ञको आवश्यकता

देखेमा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा पारिश्रमिक प्रदान गर्ने गरि कुनै कानून व्यवसायीलाई वहस, पैरवी वा प्रतिरक्षा गर्न तोक्न सक्नेछ ।

मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ (सुदूरपश्चिम प्रदेश) ले प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायमा पेश गर्ने निवेदन लिखित जवाफ, प्रत्युउत्तर पत्र, पुनरावेदन, पुनरावलोकन लगायतका काम कारवाही अगाडी बढाउदा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नुपर्ने, बहस पैरवी तथा प्रतिरक्षा र संवैधानिक वा कानूनी प्रश्नमा राय दिनुपर्ने, संघिय कानून कार्यान्वयनको सम्बन्धमा महान्यायाधिवक्ताको आवश्यक सुझाव मार्ग निर्देशन पालना गर्नुपर्ने लगायतका काम कार्वाही गर्नु पर्ने कानूनी ब्यवस्था गरेको देखिन्छ ।

## १.३ उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताहरुको जिम्मेवारी

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ बमोजिम आफुमा निहित अधिकार मध्ये मुख्य न्यायाधिवक्ताले सोही ऐनको दफा १५ ले दिएको अधिकार प्रयोग गरि दफा ४ को उपदफा १ मा उल्लेखित निम्न लिखित काम, कर्तव्य र अधिकारहरु सरकारी वकील समुहका उपन्यायाधिवक्ता तथा सहायक न्यायाधिवक्ताले प्रयोग गर्न पाउने गरि प्रत्यायोजन गरिएको छ ।

क. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक सरोकारको विचारधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने,

ख. प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय,विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

ग. प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

घ. प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालय बाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

ङ. प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यवहार गर्न

आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने,

यसरी मुख्य न्यायाधिवक्ताले आफूमा निहित अरु जुनसुकै अधिकारहरु प्रत्यायोजन गरेता पनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने छैन भन्ने ब्यवस्था सोही ऐनमा उल्लेख भएबाट सो विषयसंग सम्बन्धित अधिकार वाहेकका अन्य अधिकारहरु मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत उप न्यायाधिवक्ता र शाखा अधिकृतलाई प्रत्यायोजन भएको देखिन्छ ।

## १.४ वार्षिक प्रतिवेदन सम्वन्धी कानूनी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा ११ ले मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेका काम कारवाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउने कानूनी व्यवस्था रहेको छ । त्यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो कार्यालयको भौतिक स्थिती, कार्यभार, विनियोजित रकम र उपलब्धी, काम कारबाहीको वास्तविक स्थिती चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आधारित राय सुझाव समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताको कार्यालयले २०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ गते सम्म सम्पादन गरेका कामकारवाही समावेश गरिएको छ।





माननीय प्रदेश प्रमुख श्री देवराज जोशी ज्यू समक्ष मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन बुझाउनु हुँदै

# परिच्छेद – २
# संगठनात्मक स्वरुप

## २.१ संगठनात्मक स्वरुप

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/२/६ गतेको निर्णयानुसार मुख्य न्यायाधिवक्ता कार्यालयको संगठन संरचना तयार भएको हो । जस अनुसार नेपाल न्याय सेवा सरकारी वकील समूहको उपन्यायाधिवक्ता / उपसचिवको नेतृत्वमा बिभिन्न तह र श्रेणीका ११ जनाको दरबन्दी कायम गरिएको छ । जस अन्तर्गत कानूनी राय तथा प्रतिरक्षा शाखा, प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहने व्यवस्था गरिएको छ ।


**संगठनात्मक ढाँचा**




## २.२ प्रस्तावित संगठनात्मक संरचना

सातवटै प्रदेशका मुख्य न्यायाधिवक्ता ज्यूहरु र माननीय महान्यायाधिवक्ता ज्यू वीच भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि कार्यबोझका आधारमा विद्यमान दरबन्दी पुनरावलोकन गर्नुपर्ने भनी विषय उठान भएको सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६।०८।२६ गतेको पत्रानुसार सातवटै प्रदेश स्थित मुख्य न्यायाधिववक्ताको कार्यालयको कार्यबोझ विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण

गरी दरबन्दी पुनरावलोकन गर्नका लागि लेखि आएकोले यस कार्यालयका उपन्यायाधिवक्ता ज्यूको संयोजकत्वमा एक समिति गठन गरी कार्यालयको वर्तमान कार्यबोझ तथा भावी कार्य क्षेत्रको विस्तृत अध्ययन गरी मुख्य न्यायाधिवक्ता ज्यू समक्ष मिति २०७६।११।३० गते संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन पेश गरेको थियो । यस कार्यालयको प्रस्तावित संगठनात्मक संरचना तल प्रस्तुत गरिएको छ।



## प्रस्तावित दरवन्दी तेरिज

### श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

| क्र.स | पद | श्रेणी / तह | सेवा | समूह | मौजुदा दरबन्दी | पद पूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रिक्त | थप | घट | |
| १. | सह-न्यायाधिवक्ता | रा.प.प्रथम | न्याय | सरकारी वकील | - | - | - | १ | - | १ |
| २ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | सरकारी वकील | १ | १ | - | १ | - | २ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | ३ | १ | २ | २ | - | ५ |
| ४ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | लेखा | १ | १ | - | - | - | १ |
| ५ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | सामन्य प्रशासन | १ | १ | - | - | - | १ |
| ६ | नायव सुब्बा | रा.प.अनं. प्रथम | न्याय | सरकारी वकील | - | - | - | ३ | - | ३ |
| ७ | सहायक | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | १ | - | २ |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | १ | - | १ | - | २ |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरङ | मे.मे.ज/. | १ | १ | - | ३ | - | ४ |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | ६ | - | ८ |
| जम्मा | | | | | ११ | ९ | २ | १८ | | २९ |

# परिच्छेद -३

## कार्यालयबाट सम्पादित कार्यको विवरण

सुदूरपश्चिम सरकारको तर्फबाट यस कार्यालयले आ. व. २०८०/८१ मा तीनै तहका अदालत समक्ष दर्ता रिट, लिखित जवाफ तथा मुद्दामा गरेको बहस, पैरवी तथा प्रतिरक्षा, प्रदेश सरकार तथा मातहतका निकायलाई प्रदान गरेको कानूनी राय सहित सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ३.१ मुद्दा सम्वन्धी

नेपालको संविधान तथा मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश सरकार एंव प्रदेश सरकार मातहतका निकायलाई विपक्षी बनाई सम्मानीत श्री सर्वोच्च अदालत काठमाडौं श्री उच्च अदालत दिपायल डोटी, श्री उच्च अदालत दिपायल, महेन्द्रनगर ईजलास, श्री उच्च अदालत पाटन र यस प्रदेशका नौवटै जिल्ला स्थित जिल्ला अदालतहरुमा दायर हुने रिट/मुद्दा उपर प्रदेश सरकारका तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने, प्रदेश सरकार तथा मातहतका निकायका प्रमुखका तर्फबाट लिखित जवाफ सम्बन्धित अदालतमा पेश गर्ने, उच्च अदालतहरुबाट भएको आदेश वा फैसला विरुद्ध सम्मानीत सर्वोच्च अदालतमा प्रदेश सरकार पक्ष भई पुनरावेदन दर्ता गर्ने कार्य नियमितरुपमा यस कार्यालयबाट सम्पादन हुँदै आएका छन । यस सम्वन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

| अदालत | लगत | | | फर्छ्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | गत बर्षको वाकी | यस बर्षको थप | जम्मा | रिट जारी | रिट खारेज | तामेली | जम्मा | |
| सर्वोच्च अदालत (दो.पा. को निवेदन) | ५२ | २४ | ७६ | - | २१ | - | २१ | ५३ |
| | १ | - | १ | - | - | - | - | १ |
| | ५३ | २४ | ७७ | - | २२ | - | २२ | ५४ |
| उच्च अदालत दिपायल | ६ | ४ | १० | - | १० | - | १० | ० |
| उच्च अदालत दिपायल, महेन्द्रनगर | ९ | ३ | १२ | - | १२ | - | १२ | ० |
| | | | | - | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उच्च अदालत पाटन | १ | २ | ३ | - | २ | | २ | १ |
| कैलाली जिल्ला अदालत | ५ | २ | ७ | - | १ | - | १ | ६ |
| **जम्मा** | **७४** | **३५** | **१०९** | **-** | **४६** | **-** | **४६** | **६३** |

**<u>मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशबाट प्रतिरक्षा गरीएका मुद्दाहरुको विवरण</u>**

| क्र.सं | मुद्दा नं. | मुद्दा | निवेदक | विपक्षी | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७५-wo-९३९३ | उत्प्रेषण/परमादेश | देवी कुमारी जोशी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत | चालु |
| २. | ०७५-wo-००३० | उत्प्रेषण | मनिष कुमार श्रेष्ठ समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत | चालु |
| ३. | ०७४-wo-०८४७ | उत्प्रेषण/परमादेश | अच्युत प्रसाद खरेल | सभामुख अर्जुन बहादुर थापा समेत | सर्वोच्च अदालत | रिट खारेज २०८०/०६/०१ |
| ४. | ०७५-wo-१२६९ | उत्प्रेषण/परमादेश | शैलेन्द्र कुमार हरिजन समेत | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सर्वोच्च अदालत | चाल |
| ५. | ०७५-wo-१३४९ | उत्प्रेषण /परमादेश | पुष्पराज प्याकुरेल समेत | उद्दोग,पर्यटन,वन,वातावरण मन्त्रालय समेत | सर्वोच्च अदालत | चालु |
| ६. | ०७६-wo-००४५ | उत्प्रेषण /परमादेश | अष्ट बहादुर श्रेष्ठ समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | रिट खारेज २०७९/०४/२५ |
| ७. | ०७६-wo-०१७१ | उत्प्रेषणयुक्त /परमादेश | बिजय कुमार भट्टराई समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| ८. | ०७६-wo-०२६० | उत्प्रेषणयुक्त /परमादेश | दिपक पौडेल समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालत | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सु.प. प्रदेश | | |
| ९. | ०७६-wo-०४७६ | उत्पेषण /परमादेश | निराञ्जन बहादुर अमात्य समेत | पूर्वाधार विकाश कार्यालय सु.प.प्रदेश | सर्वोच्च अदालत | रिट खारेज २०८०/१०/२२ |
| १०. | ०७६-wo-०५२८ | उत्प्रेषणयुक्त /परमादेश | माधव प्रसाद तिवारी | सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | सर्वोच्च अदालत | रिट खारेज २०७९/०५/१३ |
| ११. | ०७६-wo-०७६६ | परमादेश समेत | दिपेन्द्र बहादुर चन्द्र | न्याय परिषद् काठमाण्डौ समेत | सर्वोच्च अदालत | चालु |
| १२. | ०७६-wo-०९३५ | उत्प्रेषण | मिना खड्का,बस्नेत समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालत | रिट खारेज २०८०/०४/१८ |
| १३. | ०७६-wo-१०७२ | उत्पेषणयुक्त/ परमादेश | गजेन्द्र ठाकुर | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| १४. | ०७७-wo-००२६ | उत्पेषणयुक्त/ परमादेश | श्री राम बहादुर साउँद | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | पूर्ण इजलासमा पेश भएको |
| १५. | ०७७-wo-०१८० | उत्पेषणयुक्त/ परमादेश | श्री बिजय कुमार यादव समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| १६. | ०७७-wo-००१० | उत्पेषण | धनबीरे साउँद समेत | डिभीजन वन कार्यालय कैलाली | दिपायल | रिट खारेज २०७७/०९/०५ |
| १७. | ०७७-wo-०००९ | उत्पेषण /परमादेश | श्री हशं बहादुर सिहं समेत | जगन्नाथ गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत | दिपायल | रिट खारेज २०७७/११/१६ |
| १८. | ०७७-wo-०३३० | उत्प्रेषण/परमादेश | श्री सम्पूर्ण सिहं चोपडा | श्री पूर्वाधार विकाश कार्यालय डडेल्धुरा | सर्वोच्च | चालु |
| १९. | ०७७-wo-००११ | उत्पेषणयुक्त/ परमादेश | श्री शेर बहादुर कामी | विच्थडचिर गा.पा.का प्र.प्र.अधिकृत चक्रदेव भट्ट | दिपायल | रिट खारेज २०७७/० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समेत | | ९/२२ |
| २०. | ०७७-wo-०३४९ | उत्पेषणयुक्त/ परमादेश | श्री लतादेवी खत्री | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च | तामेली २०८०/०६/२३ |
| २१. | ०७७-wo-०४७२ | उत्पेषणयुक्त/ परमादेश | बिरदत्त भट्ट समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च | निवेदन फिर्ता २०७८/११/१२ |
| २२. | ०७७- wo-०४२२ | परमादेश | राजिव कुमार झा | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च | रिट खारेज २०८०/०९/१६ |
| २३. | ०७७-Wo-००१३ | दोहोर्याई | श्री डा.गुणराज अवस्थी समेत | श्री सामाजिक विकाश मन्त्रालय सु.प.प्रदेश धनगढी,कैलाली । | सर्वोच्च | चालु |
| २४. | ०७७-wo-०६०७ | उत्पेषणयुक्त/ परमादेश | श्री रमा गिरी | श्री प्रदेश लेखा नियन्त्रण कार्यालय सु.प. प्रदेश धनगढी, कैलाली । | सर्वोच्च | चालु |
| २५. | ०७७-wo-०९२६ | उत्पेषण | श्री जानकी देवी भण्डारी समेत | श्री सामाजिक विकाश मन्त्रालय सु.प.प्रदेश | सर्वोच्च | चालु |
| २६. | ०७७-wo-०९९३ | उत्पेषण | डा. प्रमोद भट्ट | श्री सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | सर्वोच्च | तामेली २०७९/०८/२३ |
| २७. | ०७७-wo-०९७७ | उत्पेषण | श्री प्रेम साउँद समेत | श्री सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | सर्वोच्च | चालु |
| २८. | ०७७-wo-११७६ | उत्पेषण | श्री कमल सिंह राना | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय सु.प. प्रदेश, धनगढी, कैलाली । | सर्वोच्च | चालु |
| २९. | ०७७-wo-००२१ | उत्प्रेषण/परमादेश | हिरेन्द्र बहादुर शाही | अछाम जिल्ला तुर्माखाद गा. शिक्षा,युवा तथा खेलकुद शाखा समेत । | दिपायल | रिट जारी २०७८/०८/२० |
| ३०. | ०७७-wo-१०९९ | उत्प्रेषणयुक्त/ परमादेश | पदम बहादुर श्रेष्ठ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश, | सर्वोच्च | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | धनगढी,कैलाली । | | |
| ३१. | ०७७-wc-०१०५ | उत्प्रेषण | अधिवक्ता बिक्रम नगरकोटी समेत | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश, धनगढी,कैलाली । | सर्वोच्च | चालु |
| ३२. | ०७७-wc-००९९ | उत्प्रेषण | अधिवक्ता शैलेन्द्र प्रसाद अम्वेडकर | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश, धनगढी,कैलाली । | सर्वोच्च | रिट जारी २०७९/०१/०७ |
| ३३. | ०८५-०७८-००१७२ | किर्ते जालसाँज | सर्वेस अवस्थी | घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली । | कैलाली अदालत | रिट खारेज |
| ३४. | ०७७-wo-११०९ | उत्प्रेषण/परमादेश | अधिवक्ता सबिन श्रेष्ठ | श्री सामाजिक विकाश मन्त्रालय सु.पु. प्रदेश | सर्वोच्च | चालु |
| ३५. | ०७७-wo-१२४२ | उत्प्रेषणयुक्त/ परमादेश | अधिवक्ता जय प्रसाद पौडेल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु. प. प्रदेश । | सर्वोच्च | चालु |
| ३६. | ०७८-wo-०१५५ | परमादेश | अनत्त कार्की | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु. प. प्रदेश । | सर्वोच्च | चालु |
| ३७. | ०७८-wo-०२५६ | उत्प्रेषण/परमादेश | चन्द प्रसाद लुईटेल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु. प. प्रदेश । | सर्वोच्च | तामेली २०८०/०८/२३ |
| ३८. | ०७८-wo-०२३६ | उत्प्रेषणयुक्त परमादेश | संगम खाईजु | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु. प. प्रदेश । | सर्वोच्च | चालु |
| ३९. | ०७८-wo-०००९ | उत्प्रेषण | शंकर सिहं धामी | यातायात कार्यालय कंञ्चनपुर | महेन्द्रनगर | तामेली २०७९/१२/०८ |
| ४०. | ०७८-cp-०१८६ | हाल साविक गरी हक कायम गरी पाउँ । | डिल्लीराज पन्त | भूमि व्यवस्था,कृषी तथा सहकारी मन्त्रालय । | कैलाली अदालत | चालु |
| ४१. | ०७८-wo-०७९० | उत्पेषण | टिका बहादुर कुँवर | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | सर्वोच्च | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२. | ०७८-wo-०९७० | उत्पेषणयुक्त/ परमादेश | भुपेन्द्र नाथ पौडेल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | सर्वोच्च | चालु |
| ४३. | ०७८-wo-००३१ | उत्पेषणयुक्त परमादेश | उमेश सिँह धामी | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | महेन्द्रनगर | मुद्दा फिर्ता २०७९/०४/२६ |
| ४४. | ०७८-wo-०००४ | उत्पेषणयुक्त परमादेश | ओम प्रकाश अर्याल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | सर्वोच्च | रिट जारी २०८०/१०/२४ |
| ४५. | ०७८-w0-००१५ | उत्पेषणयुक्त/परमादेश | बहादुर सिंह ओड | श्री सामाजिक विकास मन्त्रालय सु.प. प्रदेश | दिपायल | तामेली २०७९/०६/२८ |
| ४६. | ०७८-wo-१३७८ | उत्पेषणयुक्त/परमादेश | रामाकान्त प्रसाद यादव | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | सर्वोच्च | चालु |
| ४७. | ०७८-wo-१२६६ | उत्पेषणयुक्त/परमादेश | सन्तलाल श्रेष्ठ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी | सर्वोच्च | चालु |
| ४८. | ०७८-wo-००४१ | उत्पेषणयुक्त/परमादेश | के.एस.कन्ट्रक्शन प्रा.लि. | डिभिजन वन कार्यालय कञ्चनपुर | महेन्द्रनगर | रिट खारेज २०८०/०५/१३ |
| ४९. | ०७८- Wo-११७३ | उत्पेषण | तोयाराज मिश्र | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी । | सर्वोच्च | चालु |
| ५०. | ०७८-wo-१२३४ | उत्पेषण | दयाराम पौडेल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. धनगढी । | सर्वोच्च | चालु |
| ५१. | ०७९-wo-००४० | उत्पेषण | अनिल कुमार लाल | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी । | सर्वोच्च | चालु |
| ५२. | ०७९-wo-०१५६ | उत्पेषण | नर बहादुर लिम्बु | क्षेत्रिय शिक्षा निर्देशानलय दिपायल,डोटी। | सर्वोच्च | चालु |
| ५३. | ०७९-fj -०००२ | अदालतको अवहेलना | भीमराज गिरी | श्री डिभिजन वन कार्यालय बैतडी। | महेन्द्रनगर | तामेली २०७९/०९/२८ |
| ५४. | ०७९-c3- | अदालतको | दिपेन्द्र चौधरी | सेती प्रादेशिक व्यवस्थापन | कैलाली | रिट जारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ०००२ | अवहेलना | | समिति कैलाली। | अदालत | २०८०/०९/२५ |
| ५५. | ०७९-wo-०००४ | प्रतिषेधयुक्त/परमादेश | मनिराम उपाध्याय | सुदूरपश्चिम प्रदेश सभा धनगढी। | सर्वोच्च | चालु |
| ५६. | ०७९-wo-०४२८ | उत्पेषण | प्यारेलाल राना | श्री भौतिक पुर्वाधार विकास मन्त्रालय | सर्वोच्च | चालु |
| ५७. | ०७९-wo-००११ | निषेधाज्ञा | दिपेन्द्र बहादुर चन्द | श्री डिभिजन वन कार्यालय बैतडी। | महेन्द्रनगर | रिट खारेज २०७९/१२/२९ |
| ५८. | ०७९-wo-०४३४ | उत्पेषण/परमादेश | रामचन्द्र पौडेल | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सुदूरपश्चिम प्रदेश । | सर्वोच्च | चालु |
| ५९. | ०७९-wo-००१३ | परमादेश | धर्मानन्द जोशी | श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर। | महेन्द्रनगर | रिट जारी २०८०/१२/२१ |
| ६०. | ०७९-wo-०५०४ | उत्पेषण/परमादेश | माधव सिंह धामी | मालिकार्जुन गाउँपालिका दार्चुला | सर्वोच्च | रिट खारेज २०७९/११/१२ |
| ६१. | ०७९-wo-०६१३ | परमादेश | चुरे गाउँपालिका | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश । | सर्वोच्च | चालु |
| ६२. | ०७९-wo-०००४ | परमादेश | रमेश राउत | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश । | सर्वोच्च | चालु |
| ६३. | ०७९-wc-०००९ | उत्पेषण/परमादेश | बिरभद्र जोशी | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश । | सर्वोच्च | चालु |
| ६४. | ०७९-wc-००३८ | उत्पेषण | बलदेव रेग्मी समेत | श्री प्रदेश सभा सचिवालय सु.प. प्रदेश। | सर्वोच्च | चालु |
| ६५. | ०७९-wc-००४० | उत्पेषण | लालबहादुर थापा | श्री प्रदेश सभा सचिवालय सु.प. प्रदेश। | सर्वोच्च | चालु |
| ६६. | ०७९-wo-०८७५ | उत्प्रेषण/परमादेश | एलिसा सिंह | श्री सामाजिक विकास मन्त्रालय सु.प.प्रदेश | सर्वोच्च | चालु |
| ६७. | ०७९-wo- | उत्पेषण | श्री गन्याप | श्री डिभिजन वन कार्यालय | महेन्द्रनगर | रिट खारेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ००२९ | | सामुदायिक वन उपभोक्ता | डडेल्धुरा। | | २०८०/०८/१३ |
| ६८. | ०७९-wo-००३१ | उत्पेषणयुक्त/परमादेश | नेपाल वन पैदावार उद्योग व्यवसायी संघ | श्री डिभिजन वन कार्यालय, कञ्चनपुर समेत। | महेन्द्रनगर | रिट जारी २०८०/०७/१५ |
| ६९. | ०७९-wo-०९४९ | परमादेश | अ.नविन कार्की | श्री भौतिक पुर्वाधार विकाश मन्त्रालय । | उच्च अदालत पाटन | चालु |
| ७०. | ०७९-AO-००३६ | बढुवा निर्णय बदर | अन्जुना भट्ट | बढुवा सिफारिस समितिको सचिवालय सु.प.प्रदेश । | सर्वोच्च | चालु |
| ७१. | ०७९-wo-००२० | उत्पेषण | न्यू हिमाल निर्माण सेवा | शहरी विकास तथा भवन कार्यालय डोटी। | दिपायल | रिट जारी २०८०/०६/१० |
| ७२. | ०७९-wo-००३२ | उत्पेषणयुक्त/परमादेश | वीर सिंह क्षेत्री | शिक्षा विकाश निर्देशनालय सु.प.प्रदेश | महेन्द्रनगर | निवेदन फिर्ता २०८०/०५/१३ |
| ७३. | ०७९-wo-००३५ | निषेधाज्ञा | सुर्य बहादुर थापा | श्री डिभिजन वन कार्यालय कैलाली । | कैलाली | चालु |
| ७४. | ०७९-cp-०८७२ | नापी नक्सा निर्णय बदर | पार्वती पाण्डे | श्री डिभिजन वन कार्यालय कैलाली । | कैलाली | चालु |
| ७५. | ०७९-wo-००२९ श्रावण देखी आ.व.०८०/०८१ | उत्पेषण/परमादेश | रमा गिरी | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सु.प.प्रदेश । | दिपायल | रिट खारेज २०८०/१०/२५ |
| ७६. | ०७९-wo-००१९ | उत्पेषण/परमादेश | नरेन्द्र सिंह विष्ट | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सु.प.प्रदेश | सर्वोच्च | रिट खारेज २०८०/०५/२२ |
| ७७. | ०८०-wo-००१७८ | निषेधाज्ञा | जुगल बिल्डर्स कम्पनी प्रा.लि. | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय सु.प.प्रदेश । | सर्वोच्च | रिट खारेज २०८१/०३/२६ |
| ७८. | ०८०-wo-००१२६ | उत्पेषण | भगवति बडाल | श्री सामाजिक विकास मन्त्रालय सु.प.प्रदेश धनगढी। | सर्वोच्च | रिट जारी २०८०/१०/०५ |
| ७९. | ०८०-wo- | उत्पेषण | रत्न सिंह पाण्डेय | श्री सामाजिक विकास | सर्वोच्च | रिट जारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ००१२७ | | | मन्त्रालय सु.प.प्रदेश धनगढी। | | २०८०/१०/०५ |
| ८०. | ०८०-wo-००१२८ | उत्पेषण | कुमारी शारदा बिष्ट | श्री सामाजिक विकास मन्त्रालय सु.प.प्रदेश धनगढी। | सर्वोच्च | रिट जारी २०८०/१०/०५ |
| ८१. | ०७९-wo-१४६० | उत्पेषण | जयन्ती थापा | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय सु.प. प्रदेश । | सर्वोच्च | चालु |
| ८२. | ०८०-wc-०००२ | उत्पेषणयुक्त परमादेश | अ.त्रिलोचन बहादुर चन्द्र | श्री आर्थिक मामिला मन्त्रालय सु.प. प्रदेश । | सर्वोच्च | चालु |
| ८३. | ०८०-wo-००९३ | उत्पेषण | मेघ बहादुर आले | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सु.प.प्रदेश | सर्वोच्च | चालु |
| ८४. | ०८०-wo-०२२४ | उत्पेषणयुक्त परमादेश | ध्रुवराज ओझा | श्री सामाजिक विकास मन्त्रालय सु.प्र | सर्वोच्च | रिट जारी २०८०/१०/०५ |
| ८५. | ०८०-wo-०२२६ | उत्पेषण | यशोदा गिरी | श्री सामाजिक विकास मन्त्रालय सु.प्र | सर्वोच्च | चालु |
| ८६. | ०८०-wo-०२२९ | उत्पेषण | दिसी भट्ट | श्री सामाजिक विकास मन्त्रालय सु.प्र | सर्वोच्च | चालु |
| ८७. | ०८०-wo-००१० | उत्पेषण | दिलराज खनाल | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | सर्वोच्च | चालु |
| ८८. | ०८०-wo-०२९१ | उत्पेषणयुक्त परमादेश | तिलकराज जोशी | श्री सामाजिक विकास मन्त्रालय सु.प्र | सर्वोच्च | चालु |
| ८९. | ०८०-wo-०००८ | परमादेश | मनोज कुमार महतो | श्री उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | दिपायल | रिट खारेज २०८०/१०/२५ |
| ९०. | ०८०-wo-००१८ | उत्पेषणयुक्त परमादेश | भुवन चन्द्र भट्ट | श्री मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | महेन्द्रनगर इजलास | रिट खारेज २०८०/१०/२४ |
| ९१. | ०८०-wo-००२३ | निषेधाज्ञायुक्त परमादेश | पार्वती देवी पाण्डेय | श्री पूर्वाधार विकास कार्यालय, डडेलधुरा | महेन्द्रनगर इजलास | रिट खारेज २०८०/०९/१९ |
| ९२. | ०८०-wo- | उत्पेषणयुक्त | बल बहादुर साउद | श्री उद्योग, पर्यटन, वन | सर्वोच्च | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७३० | परमादेश | | तथा वातावरण मन्त्रालय | | |
| ९३. | ०८०-wo-०६७९ | उत्पेषणयुक्त परमादेश | डा. जगदीश जोशी | श्री मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | सर्वोच्च | चालु |
| ९४. | ०८०-wo-००२८ | उत्पेषणयुक्त परमादेश | धन बहादुर ओली | श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सर्वोच्च | रिट जारी २०८०/१२/०८ |
| ९५. | ०८०-wo-००२७ | उत्पेषणयुक्त परमादेश | साइमल ठकुल्ला | श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सर्वोच्च | रिट जारी २०८०/१२/०८ |
| ९६. | ०८०-wo-००३० | उत्पेषणयुक्त परमादेश | विभोर राज जोशी | श्री पूर्वाधार विकास कार्यालय | | रिट खारेज २०८०/११/३० |
| ९७. | ०८०-wo-००२५ | निषेधाज्ञा | कैलाश वि.क | श्री सव डिभिजन वन कार्यालय | कैलाली | चालु |
| ९८. | ०८०-CP-०५१७ | सम्झौता बमोजिमको रकम भूक्तानी | चन्द्र & वसन्त कन्सक्ट्रक्सन प्रा.ली | श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | कैलाली | चालु |
| ९९. | ०८०-WO-१३०२ | निषेधाज्ञा | जुगल विल्डर्स प्रा.ली | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | सर्वोच्च | चालु |
| १००. | ०८०-WO-८८० | परमादेश | डा.रवि कुमार यादव | श्री सामाजिक विकास मन्त्रालय सु.प | सर्वोच्च | रिट खारेज २०८१/०१/०७ |
| १०१. | ०८०-WO-०८६० | उत्प्रेषण/परमादेश | कामेश्वर प्रसाद सिंह समेत | श्री प्रदेश लोकसेवा आयोगको कार्यालय | सर्वोच्च | चालु |
| १०२. | ०८०-WO-१०९८ | उत्प्रेषण/परमादेश | लक्ष्मण किशोर चौधरी | श्री प्रदेश प्रमुख समेत सु.प.प्रदेश | सर्वोच्च | पूर्ण ईजलाशमा पेश |
| १०३. | ०८०-WO-१०६९ | उत्प्रेषण/परमादेश | इन्दिरा गिरी | माननीय सभामुख सु.प.प्रदेश सभा समेत | सर्वोच्च | चालु |
| १०४. | | उत्प्रेषण/परमादेश | सामाजिक विकास मन्त्रालय | रमा गिरी | सर्वोच्च | चालु |
| १०५. | ०८०-WO-२१५९ | उत्प्रेषण/परमादेश | जुगल विल्डर्स प्रा.ली | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | उच्च अदालत, पाटन | रिट खारेज २०८१/३/२६ |
| १०६. | ०८०-CI- | बढुवा निणय | अन्जुला भट्ट | श्री बढुवा सिफारिस | सर्वोच्च | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १३३२ | बदर | | समितिको सचिवालय | | |
| १०७. | ०८०-WO-१०३७ | परमादेश | अ.सुरज उदास समेत | श्री सुदूरपश्चिम प्रदेश सभा समेत | सर्वोच्च | चालु |
| १०८. | ०८०-WO-०९६९ | उत्प्रेषण/परमादेश | संजिव तिवारी | श्री मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | सर्वोच्च | चालु |
| १०९. | ०८०-WO-०९८२ | उत्प्रेषण/परमादेश | अ.अन्जु मरासिनी | श्री मुख्य मन्त्री तथा मन्त्रि परिषद्को कार्यालय | सर्वोच्च | चालु |

## ३.२ बहस, पैरवी तथा प्रतिरक्षा सम्वन्धी

सुदूरपश्चिम प्रदेश सरकार तथा मातहतका निकायहरु विरुद्ध दायर रिट उपर प्रदेश सरकारका तर्फबाट सम्मानीत सर्वोच्च अदालत, उच्च अदालतहरु र जिल्ला अदालत समक्ष उपस्थित भई संविधान तथा कानूनको पालना हुने गरी अदालतबाट तोकिएको पेशीका दिन बहस, पैरवी तथा प्रतिरक्षा गर्ने कार्य यस कार्यालयबाट निरन्तर हुने गरेको छ । उच्च अदालत दिपायल तथा उच्च अदालत दिपायल महेन्द्रनगर ईजालशले अनलाईन बहस पैरवीको थालनी गरेको हुँदा मुख्य न्यायाधिवक्ता तथा न्यायाधिवक्ताज्यूहरुलाई बहस पैरवी गर्न सहज भएको छ । तर सम्मानीत सर्वोच्च अदालत र अन्य जिल्ला अदालतहरुमा यस किसिमको सूचना प्रविधिको प्रयोग भै नसकेको अवस्था भएकोले तत् तत् अदालतमा पेशी तोकिएको दिन भौतिकरुपमा उपस्थित भई बहस पैरवी हुँदै आएको छ । बहस, पैरवी तथा प्रतिरक्षा सम्वन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

| **बहस, पैरवी तथा प्रतिरक्षा सम्बन्धी विवरण** | | | |
|---|---|---|---|
| **निकाय** | **गत आ.व.सम्मको** | **यस आ.व.को** | **जम्मा** |
| सर्वोच्च अदालत | ७७ | १५६ | २३३ |
| उच्च अदालत दिपायल | ४ | १२ | १६ |
| उच्च अदालत दिपायल, महेन्द्रनगर | ३३ | २९ | ६२ |
| कैलाली जिल्ला अदालत | २ | १० | १२ |
| **जम्मा** | ११६ | २०९ | ३२५ |

## ३.३ कानूनी राय  सम्बन्धी

नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने व्यवस्था गरेको छ । संविधान तथा कानूनका  विषयमा प्रदेश सरकार  वा प्रदेश सरकारले तोकीदिएका अन्य अधिकारीहरुलाई कानूनी राय दिनु मुख्य न्यायाधिवक्ताको कर्तब्य हुने ब्यवस्था मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन २०७५ मा व्यवस्था गरिएको छ । सुदूरपश्चिम प्रदेश  सरकार तथा अन्तर्गतका विभिन्न निकायहरु तथा अधिकारीहरुलाई कानूनी तथा संवैधानिक विषयमा राय प्रदान गर्दै आएको छ । यस आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरेका कानूनी राय सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ।

| क्र.स. | कानूनी राय माग गर्ने निकाय | कानूनी राय प्रदान गरेको मिति | प्रदान गरिएको कानूनी रायको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १. | श्री डिभिजन वन कार्यालय, कैलाली । | २०८०/०८/१५ | यसमा डिभिजन वन कार्यालय कैलालीको च.नं ७२१ मिति २०८०/०८/१३ गते को कानुनी राय माग सम्वन्धमा सम्मानित श्री उच्च अदालत दिपायलको मिति २०७७/९/२७ को फैसला अध्ययन गरी हेर्दा यसमा राम जानकी सामुदायिक वनमा कुनै किसिमको रुख कटान, मुछान एंव घाटगद्दी र वन अतिक्रमण गर्ने कार्य कार्यान्वयन र सो संरक्षीत वन्य उत्पादन विक्रि वितरण गरी आर्थिक उपार्जन र मुनाफा कमाउने काम समेत नगर्नु, नगराउनु भन्ने परमादेश जारी भएको देखिएको तथा सोही परमादेशमा सो संस्थाको विधान | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनतर्गत रही संस्थाका सदस्यले आफ्नो घर, व्यवहार चलाउन सामान्य उपभोग गर्ने र प्रयोग गर्न सकिने गरी आदेश जारी भएको देखिन्छ, सो बाहेक तहाँ कार्यालयबाट माग गरिएको घाटगद्दीमा रहेका वन पैदावारलाई विक्रि वितरण र मुनाफा कमाउने उद्देश्यले प्रयोग गर्न नकिने व्यहोराको राय प्रदान गरिएको छ । | |
| २. | श्री जिल्ला समन्वय समितिको कार्यालय मंगलसेन, अछाम | २०८१/०१/०६ | यसमा, जिल्ला समन्वय समितिको कार्यालय अछामको च.नं. २२५ मिति २०८०/१२/२८ गतेको प्राप्त पत्र व्यहोरा अध्ययन गरी हेर्दा राय माग गरिएको विषयवस्तु सम्बन्धि कानून र प्राप्त फाइल समेत विचार गर्दा जिल्ला समन्वय समिति अछामका उपप्रमुख श्री दानमती बम शाही विरुद्ध अछाम जिल्ला अदालतमा मुद्दा नं. ०८०-RE-००५२ मिति २०८०/११/२४ गतेको आदेशले रु ५,००,०००/- (अक्षेरुपी पाँच लाख) धरौटी तारेखमा रही र निजले आफूले पाउन पर्ने सुविधा पाउँ भनी तहाँ कार्यालयमा निवेदन दिएकोमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | मूलुकी फौजदारी संहिता, २०७४ को दफा ६५ (१) मा "पक्राउ पूर्जी जारी भएको पैतिस दिनको भोलिपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ, उपदफा (क) त्यस्तो व्यक्ति नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह,संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको वाहलवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ । उपदफा (ङ) मा त्यस्तो व्यक्तिले कनून बमोजिम प्राप्त गर्ने सक्ने तलब, भत्ता, उपदान, निवृत्तिभरण जस्ता सुविधाहरु स्वतः रोक्का रहेको मानिनेछ । त्यस्तै सुदूरपश्चिम प्रदेश सभा तथा जिल्ला समन्वय सम्बन्धि ऐन, २०७५ को दफा वा मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सभा वा समितिको कुनै सभ्य प्रचलित | |

| | | | | |
|---|---|---|---|---|
| | | | कानून बमोजिम निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर फौजदारी कसुरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभर निजले यस ऐन बमोजिमको कुनै सुविधा पाउने छैन र सो अवधिभर सभा वा समितिको बैठकमा भाग लिन पाउने छैन भन्ने व्यवस्था रहेको भएको देखिँदा यी निवेदिकाले धरौटी तारेखमा रहेको अवस्थामा सेवा सुविधा नपाउने भन्ने व्यवस्था प्रचलित उल्लेखित ऐन कानूनमा रहे भएको नदेखिँदा सुविधाबाट वञ्चित गर्न सकिने अवस्था रहेन । तसर्थ उल्लेखित ऐन कानून तथा मिसिल संलग्न कागजातबाट निज निवेदिकाले अदालतबाट पक्राउ पूर्जी जारी भएको ३५ दिन पछि धरौटी तारेखमा रहनु पूर्वको सेवा सुविधा प्राप्त भर्न नसक्ने र धरौटी तारेखमा रहेको भएको अवस्थामा गरेको कार्य सम्पादनको आधारमा सेवा सुविधा प्राप्त गर्न सक्ने तथा विचाराधीन मुद्दा फैसला हुँदा ठहरे बमोजिम भई जाने व्यहोरा राय प्रदान गरिएको | |

| | | | | |
|---|---|---|---|---|
| | | | छ । | |
| ३. | श्री सेती प्रादेशिक अस्पताल, धनगढी | २०८१/०३/२६ | यसमा सेती प्रादेशिक अस्पताल धनगढीको च.नं. २४१७ मिति २०८१।०३।२४ गतेको पत्रानुसार सेती प्रादेशिक अस्पताल समिति कर्मचारी प्रशासन नियमावली, २०८० तालुक मन्त्रालय (सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश) बाट आजका मितिसम्म पनि स्वीकृत भईनसकेको र पुरानो नियमावली खारेज नभएको अवस्थामा सेती अञ्चल अस्पताल नियमावली, २०६३ बमोजिम सेती अस्पताल व्यवस्थापन समितिले कामकाज गर्न मिल्ने व्यहोरा सहितको कानूनी राय मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ (च) बमोजिम प्रदान गरिएको छ। | |

**३.४ कार्यक्रम सम्वन्धी**

**<u>३.४.१. न्यायिक सिमितका पदाधिकारीसँग न्याय सम्पादन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम</u>**

नेपालको संविधानमा राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख गरेको छ । मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित अधिकांश जनप्रतिनिधिहरुका लागि न्यायिक समितिको जिम्मेवारी नितांन्त नौलो अभ्यास हुने भएको हुँदा

यस आर्थिक वर्षको बार्षिक कार्यक्रममा **"न्याय निरुपण सम्बन्धी न्यायिक समितिका पदाधिकारीहरुसँग अन्तर्क्रिया** " कार्यक्रम समावेश गरी यस प्रदेशका बझाङ्ग, डडेलधुरा र कञ्चनपुरका जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँग अन्र्तक्रिया कार्यक्रम विभिन्न मितिमा संचालन गरिएको थियो । संघीय संविधान कार्यान्वयनमा समन्वयकारी भुमिका निर्वाह गर्न न्यायिक समितिबाट सहज, सरल एवं न्यून खर्चमा न्याय निरुपण गर्न प्रभावकारी हुने भएकोले निम्नलिखित उद्देश्य केन्द्रित भई कार्यक्रम तर्जुमा एवं संचालन गरिएको थियो।

- सुदुरपश्चिम प्रदेश अन्तर्गतका जिल्लामा रहेका न्यायिक समितिका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई न्याय निरुपणसँग सम्बन्धित कानून र कार्यविधि बारेमा सैद्धान्तिक तथा ब्यवहारिक ज्ञानका बारेमा जानकारी दिलाउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन भएको ।
- यस्तै न्यायिक समितिले न्याय सम्पादन गर्दा अपनाउनु पर्ने अनिवार्य कार्यबिधिका सम्बन्धमा जानकारी गराउने र न्यायिक समितिले निरुपण पर्ने विवाद तथा मेलमिलाप गराउन सक्ने विवादका बिषयमा ब्यवहारिक सिप प्रदान गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन भएको थियो ।
- प्रत्येक पालिकाका समस्याहरु फरक हुने हुँदा सहभागीहरु बीच एक-आपसमा ती घटनाहरुका बारेमा साक्षातकार गराई तत् तत् पालिकाद्धारा अपनाएका कार्यविधिका सम्बन्धमा अनुभव आदान प्रदान गर्ने ।
- न्यायिक समितिबाट हुने गरेका आदेशहरु पूर्वाग्रहरहित, निष्पक्ष एवं सर्वस्वीकार्य हुने अवस्था सृजना गर्नका लागि सुक्ष्मरुपमा कार्यविधि कानूनको प्रयोगमा एकरुपता ल्याउने जसले गर्दा सर्वसाधारण सेवाग्राहीप्रति राज्यको तटस्थ उपस्थितिको भूमिका अनुभूती गराउनमा सहयोग गर्ने ।

सर्वप्रथम मिति २०८०।१२।१४ र १५ गते उक्त कार्यक्रम बझाङ्ग जिल्लाका न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई लक्षित गरी चैनपुरमा संचालन गरिएको थियो । उक्त कार्यक्रमको उदघाटन मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशीले गर्नु भएको थियो । बझाङ्ग जिल्लाका १२ वटै पालिकाका न्यायिक समितिका पदाधिकारी तथा न्यायिक समितिसँग कामकाज गर्ने कर्मचारीलाई आमन्त्रण गरिएकोमा ३९ जनाले सहभागीता जनाएका थिए । त्यसैगरी डडेलधुरा जिल्लाको खलङ्गामा मिति २०८०।१२।१६ र १७ गते आयोजना गरिएको कार्यक्रममा न्यायिक समितिका पदाधिकारीहरु र कर्मचारीहरु समेत गरी २८ जना सहभागी भएका थिए । अन्तमा कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरस्थित होटल स्वीट ड्रिममा मिति २०८१।०२।०८ र ०९ गते मुख्य न्यायाधिवक्ता श्री चन्द्र बहादुर शाही ज्यूको प्रमुख आतिथ्यतामा संचालन गरिएको थियो। उक्त कार्यक्रममा नौवटै पालिकाका न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरु समेत गरी ३२ जना सहभागी भएका थिए। यसप्रकार यस आर्थिक वर्ष ०८०।८१ मा न्यायिक समितिसँग न्याय निरुपण सम्बन्धी प्रशिक्षण कार्यक्रम तीनवटै जिल्लामा सफलताका साथ सम्पन्न गरिएको थियो।

**बझाङ्ग जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम**










डडेलधुरा  जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम









कञ्चनपुर  जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम









## ३.४.२. कानूनको विवादमा परेका बालबालिकाहरुको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि व्यवस्था गरिएको छ र बालबालिका सम्बन्धी ऐन २०७५ जारी भई कार्यान्वयनमा छ । लोककल्याणकारी राज्यको प्रमुख जिम्मेवारी राज्यका नागरिकको आधारभूत आवश्यकता सम्बोधन गरी नागरिकलाई भेदभावरहित वातावरणमा गुणस्तरिय शिक्षा, स्वास्थ र रोजगारी सुनिश्चितता प्रदान गर्नु हो । नेपाल सरकारले बालबालिकाहरुको भविष्यलाई ध्यानमा राख्दै उच्च शिक्षासम्मको अध्ययन निशुल्क गरी देशको साक्षरता दर वृद्धिमा अहम भूमिका निर्वाह गर्दै आएको छ । विज्ञान तथा प्रविधिमा भैरहेको चमत्कारिक अद्यावधिकीकरणले विश्वपरिवेश द्रुत गतिमा परिवर्तन हुँदै गएको छ जसको प्रत्यक्ष र परोक्ष प्रभाव देशका कर्णधार बालबालिकमा स्वाभाविकरुपमा पर्दै गएको कुरा नकार्न सकिदैन । हाम्रो जस्तो अल्पविकसित राष्ट्रका बालबालिकाहरुले प्रयोग गर्ने सामाजिक संजालबाट सहजरुपमा फैलिरहेको सकारात्मक एवं नकारात्मक कुराहरुको ज्ञानले करिब एक पुस्ता यसको दुरुपयोगको शिकार हुने निश्चित देखिएको छ । यस सन्दर्भमा मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशले **"कानूनको विवाद परेका बालबालिकाहरुको**

**न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम"** तर्जुमा एवं वार्षिक कार्यक्रमा समावेश गरी बजेट विनियोजन भै आएको हुँदा कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लाका केही सरकारी विद्यालयहरुका माध्यामिक तह बालबालिकाहरुलाई बालअधिकार, लागू औषध दुर्व्यसनी, विद्युतीय अपराध, बहुविवाह, बालबालिका बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी आदी विषयमा सचेतनामूलक कार्यक्रम विभिन्न विद्यालयहरुमा विभिन्न मितिमा निम्नलिखित उद्देश्य प्राप्त हुने अपेक्षा गर्दै संचालन गरिएको थियो ।

१ जटिल सामाजिक समस्याको रुपमा रहेको लागू औषध दुर्व्यसनीको कुलतका सम्बन्धमा विद्यालय तथा महाविद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सचेत गराउने,

२. सामाजिक संजालको बढ्दो प्रयोगका कारण खराब संगतमा परी बालविवाह, बहुविवाहजस्ता आजीवन भोग्नुपर्ने पीडाको जोखिमबाट बचाउन सचेत गर्ने,

३. विशेषगरी माध्यामिक तहमा अध्ययनरत बालबालिकाहरुबाट कानूनी अज्ञानताका कारण हुनसक्ने संगठित अपराध, cyber crime, smuggling आदिका सम्बन्धमा फौजदारी न्याय प्रणाली र कानूनी व्यवस्थाका बारे अवगत गराई यी अपराधमा बालबालिकाहरुको संलग्नता निरुत्साहित गर्ने,

४. बालबालिकाहरु देशका कर्णधार भएको हुँदा उनीहरुलाई संविधान, ऐन कानूनमा उल्लिखित व्यवस्थाका बारेमा जानकारी गराई समाज र परिवारप्रति उनीहरुको कतर्व्य बोध गराई देशका लागि जिम्मेवार नागरिक तयार गर्नमा भूमिका निर्वाह गर्ने,

५. बालबालिकाहरुलाई सामाजिक कुरिती, कुसंगत, कुलत र दुर्व्यसनीबाट जोगाई समाजमा हुनसक्ने अपराधिक क्रियाकलापको संख्या घटाउन सहयोग गर्ने ।

**श्री पञ्चोदय माध्यामिक विद्यालय हसनपुर,धनगढी उपमहानगरपालिका वडा नं-५,कैलाली**





श्री बासुदेवी माध्यामिक विद्यालय जाली, धनगढी उपमहानगरपालिका वडा नं.- ६, कैलाली










श्री ठेकराज माध्यामिक विद्यालय घोडसुवा, धनगढी उ.म.न.पा वडा नं.-११,कैलाली







श्री शारदा माध्यामिक विद्यालय बैयाबेहडी, धनगढी उ.म.न.पा. वडा नं २-,कैलाली








**श्री सरस्वती माध्यामिक विद्यालय मनिहरा, धनगढी उ.म.न.पा. वडा नं.-७,कैलाली**







श्री दुर्गालक्ष्मी नमुना माध्यामिक विद्यालय अत्तरीया, गोदवारी न.पा. वडा नं.- २,कैलाली







### ३.४.३. कानून व्यवसायीसँग प्रदेश कानून तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

नेपालको सविधान २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पहिचना स्थापित गरेको छ । संघीयता कार्यान्वयनका लागि प्रदेश सरकारको स्थायित्व र औचित्यता सुनिश्चित हुनु आवश्यक छ । संघ र स्थानीय सरकारबीचको मजबुत सेतुको रुपमा समन्वयात्म भूमिका निर्वाह गर्दै पूर्वाधार विकास सम्बन्धी कार्य संचालन गर्नु प्रदेश सरकारको संविधान प्रदत्त दायित्त्व हो ।प्रदेश सरकारले पूर्वाधार विकासका साथसाथै स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, वाणिज्य तथा व्यापार, कृषि, भेटेरीनरी, वन, पर्यटन, यातायात आदि क्षेत्रमा नवीनतम सेवा प्रवाहका आयामहरु अबलम्बन गरी प्रदेश सरकारको सेवा प्रवाहलाई चुस्त दुरुस्त गर्नु पर्ने चुनौती रहेको छ।दिनप्रति बदलिदो विश्व परिवेशसँग तादाम्यता मिलाउन प्रदेश सरकारले कानूनी संरचना निर्माण गर्ने गरेको छ।तीनवटै सरकारको कामको जिम्मेवारी प्रष्ट हुने गरी नेपालको संविधानको अनुसूची ५ देखी ९ सम्म व्यवस्था गरिएको छ।यसका साथै नेपाल सरकार मन्त्रिपरिषदबाट पारित कार्यविस्तृतीकरण प्रतिवेदनले संघीय तहहरुको अधिकारको दोहोरोपना तथा अस्पष्टता केही हदसम्म हटाएको छ तरपनि कार्यबिस्तृतिकरण अनुरुप संघिय सरकारले अधिकार दिन ढिलासुस्ती गरेकोले केही अन्योलता रहेको अवस्था हो।देशको आर्थिक विकासको मुख्य पेशा कृषि क्षेत्रलाई व्यवस्थित गर्न, जातिय भेदभावमुक्त समाज बनाई सदभावको वातावरण सृजना गर्न, प्रदेशभित्रको बहुआयामिक गरिवी निवारण गर्नका लागि रोजगारीका क्षेत्रहरु विस्तार गरी जनताको जीवनस्तरमा गुणस्तरीय परिवर्तनका लागि भौतिक पूर्वाधार विकासका साथै आवश्यकता अनुसार प्रदेश सरकारले कानुन तर्जुमा गर्ने गरेको छ । प्रदेशमा सु-व्यवस्था कायम गरी जनताको आधारभूत आवश्यकताहरु परिपूर्तिमा सहज वातावरण बनाउनका लागि जारी गरिएका कानूनहरुको कार्यान्वयनको अवस्थाका बारेमा यस प्रदेशका नौवटै जिल्लाका बार एकाईमा आबद्ध कानून व्यवसायीसँग अन्तरक्रिया गर्न कार्यालयको वार्षिक विकास कार्यक्रम राखिएको थियो । यस प्रदेशका मुख्य न्यायाधिवक्ताज्यूको अध्यक्षतामा सुदूरपश्चिम प्रदेशका जिल्ला बार एकाईमा आबद्ध वरिष्ठ अधिवक्ता र अधिवक्ताहरुलाई आमन्त्रण गरी कैलाली जिल्लाको गोदावरी स्थित गोदावरी ग्रिन रिसोर्टमा मिति २०८०।१२।२७ र २८ गते दुई दिने अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा यस कार्यालयका उपन्यायाधिवक्ता श्री टेक बहादुर थापा र सहायक न्यायाधिवक्ता द्वय श्री श्रीराम ओझा र श्री लोक बहादुर रावलले प्रदेश कानूनसँग सम्बन्धित सेसनहरु लिई मुख्य न्यायाधिवक्ताज्यूलाई सहयोग गर्नु भएको थियो।उक्त कार्यक्रमका सहभागीहरुले राख्नु भएका सुझावहरु तल प्रस्तुत गरिएको छः-

- अधिवक्ता ईन्द्र प्रसाद लेखकबाट प्रदेश सरकारबाट जारी भएका कानून संग्रह सहजरुपमा बजार उपलब्ध नहुनु आफैमा प्रदेश सरकारको कानून कार्यान्वयन ईच्छा न्यून भएको

मान्न सकिन्छ। हामी कानून व्यवसायीले संघ, प्रदेश वा स्थानीय सरकारबाट जारी ऐन, नियम, कार्यविधिका विषयमा नियमित अद्यावधिक भैरहनु पर्ने हुन्छ, त्यसैले प्रदेश सरकारका जिम्मेवार निकायको ध्यानाकर्षण गराउने मनसाय भएको कुरा प्रस्तुत गर्नुभएको थियो।

- यसै विषयमा नौवटै जिल्ला अदालत स्थित बार ईकाईहरुमा प्रदेश सरकारबाट कानूनका पुस्तकहरु वितरण गर्ने पद्धति स्थापित गर्नु पर्ने आसय अधिवक्ता सिद्धराज ओझाले राख्नु भएको थियो।
- अधिवक्ता अर्जुन कार्कीले प्रदेश कानून किताब समिति र स्थानीय कानून समितिको अवधारणा लागू गरी कार्यान्वयनमा जोड गर्दा बढी प्रभावकारी हुने कुरा उल्लेख गर्नु भएको थियो।
- कैलाली जिल्लामा पछिल्ला केहि वर्षदेखि अव्यवस्थित शहरीकरण बढ्दै गईरहेको अवस्था विद्यमान छ यसले भविष्यमा मानव स्वास्थ्य लगाएत राज्यबाट प्रवाह गरिने विभिन्न सेवा सुविधमा प्रतिकुल प्रभाव भएको हुँदा भूमिसम्बन्धी ऐन संशोधन गरी आवास क्षेत्र, कृषि क्षेत्र र औद्योगिक क्षेत्र एकिन हुने गरी बर्गिकरण गर्दा अनावश्यक कृषि उर्वरभूमि नाश हुनबाट जोगाउन सकिने कुरा उच्च अदालत डोटी बार ईकाईमा अभ्यासरत कानून व्यवसायी कविराज पण्डितले बताउनु भएको थियो।
- हालसम्म प्रदेश सरकारबाट गठन आदेशहरु केही सिमित धार्मिक वा पर्यटकीय वा प्राकृतिक वा संस्कृतिक स्थानहरुलाई प्रतिविम्वित हुने गरी मात्र जारी गरिएको हुँदा यसले सबै स्थानलाई समेट्न नसकेको कुरा उठान भएको थियो। सुदूरपश्चिम प्रदेशको धार्मिक एवं अलौकिक तीर्थस्थल बडीमालिका क्षेत्र विकास गर्नका लागि सरोकारवालाहरुसँग गहन छलफल गरी गठन आदेश जारी गर्न ढिलो नगर्नु पर्ने उठाईएको थियो।
- उच्च बार ईकाई महेन्द्रनगरका अधिवक्ता यज्ञराज जोशीले हतार, हतारमा बनाईने ऐन, नियमले सरोकारवालाहरुको आवश्यकता सम्बोधन गर्न नसक्ने हुँदा परिपक्वताको अभाव देखिएको बताएका थिए।
- कार्यक्रमका सहभागी विद्धान कानून व्यवसायी शंकर दिप मडैले स्थानीय सरकार र प्रदेश सरकारले जारी गरेका कानून बारे सर्वसाधारणको जानकारीका लागि यथेष्ट प्रचार प्रसार नगरेको हुँदा कानून कार्यान्वयनमा केही जटिलता आएको बताएका थिए।
- प्रदेश सरकारले कानून बनाउने र भैरहेका कानूनहरु आवश्यकता अनुसार संशोधन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई भएतापनि उचित पहलका कारण सरोकारवालाहरुसँग समय-समयमा विचार-विमर्श नहुँदा कानून केवल बनाउनका लागि मात्र बनाईएको जस्तो देखिएको भन्ने व्यहोरा कैलाली बारका सदस्य तथा कानून व्यवसायी भरत सिंहले गुनासो राखेका थिए।

- कानून निर्माण प्रक्रिया टिममा आधारित एवं कार्यविधिगत कुरा भएकोले सरकारका नीतिलाई प्रतिविम्बित हुने गरी कानून निर्माण हुन नसकेको हुँदा धेरैजसो ऐन कार्यान्वयन हुन सकेनन भन्ने धारणा डोटी जिल्ला अदालतका कानून व्यवसायी कैलाश सिंह साउदले राख्नु भएको थियो।
- कानून नीतिगतरुपमा एकता कायम गरी प्रथमिकता क्षेत्रमा ऐन वनाउने, सरोकारवालाहरु वीच समन्वय जस्तै शिक्षा ऐन तर्जुमा गर्दा शिक्षक, प्राध्यापक, प्रफेसर, शिक्षाविद अभिभावक र नगरपालिका तथा गाउँपालिकासँग गर्ने, आम जनता समक्ष कानून पु-याउन बारसँग समन्वय गर्ने उपयुक्त हुने देखिन्छ। यसका साथै राजनीतिक दललाई धेरै जानकारी नहुने र कर्मचारीहरु निश्चित अवधीमा सरुवा भई फेरबदल हुने भएकोले स्थायीरुपमा कानून निर्माणमा कार्यप्रगति हुने भएकोले प्रदेशस्तरीय कानून आयोग निर्माण गर्दा उपयुक्त हुने कुरा अधिवक्ता राजेन्द्र सिंह साउदले राखेका थिए।
- कानुन निर्माणमा कानून व्यवसायीलाई जानकारी गराउनु पर्ने र सुदूरपश्चिम प्रदेशको विकासका लागि गाँजा खेती कानून बनाई व्यवस्थित गर्ने, स्थानीय बाली प्रबर्द्धन गर्ने, कृषि क्षेत्रको विकासका लागि समय सापेक्ष कानून निर्माण एवं संशोधन गर्नुपर्ने र लोकल रक्सी ब्राण्डिङ्ग गर्ने आदि काम सरकारको अग्रसरता भएमा यस प्रदेशको विकासमा निश्चितरुपमा सकारात्मक परिवर्तन आउँने कुरा अधिवक्ता भुपेन्द्र बहादुर विष्टले कार्यक्रममा राख्नु भएको थियो।
- प्रदेशले कानुन निर्माण गर्दा हतारमा अन्य प्रदेशको नक्कल गर्ने भन्दापनि सरोकारवाला हरुसँग छलफल गरी सामाजिक अभियन्तामाझ समेत छलफल गराई विधिशास्त्रीय सुत्रानुसार कानून निर्माण गरिएमा बढी प्रभावकारी हुन्छ अन्यथा त्यो केवल कागजी कानूनमा सिमित रहन्छ। तसर्थ प्रदेश सरकारले कानून निर्माण गर्दा यी विषयलाई मनन गर्नु पर्ने हुन्छ भन्ने सुझाव विद्धान अधिवक्ता श्री पारस बस्नेतले दिनु भएको थियो।









### ३.५ कार्यालयको भौतिक स्थिति

मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेश २०७४।१२।१४ गते साविकको मालपोत कार्यालय धनगढी कैलालीको नाममा श्रेस्ता कायम रहेको पुरानो भवनमा स्थापना भएको थियो । उक्त पुरानो भवनको माथि आ.व. २०७५।७६ को बजेटमा विनियोजित भई आएपछि तीन कोठा थप गरिएको थियो। कार्यालयको पुरानो संरचनाको तल्लो र माथिल्लो तलामा जम्मा ७ कोठा रहेका छन । कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुका लागि अपर्याप्त हुने देखिएकोले कार्यालय परिसरभित्र खाली ठाँउमा दुई तल्ले चारकोठे नयाँ भवन निर्माण गरिएको छ जसमा मुख्य न्यायाधिवक्ताज्यूको कार्यकक्ष तथा मिटिङ्ग हल र लाईब्रेरीको व्यवस्था मिलाईएको छ जसलाइ हाल बैठक कक्ष समेत रहने गरी व्यवस्थापन गरिने येजना रहेको छ। संघीयता कार्यान्वयन गर्ने जिम्मवारी तीनै तहका सरकारको भएतापनि प्रदेश सरकारको प्रथम कार्यकाल समाप्त भै सक्दा समेत यस कार्यालयको नाममा घरजग्गा दर्ता भई नसकेको हुँदा प्रादेशिक संरचनामा प्रदेश सरकार उदासिन रहेको मान्न सकिन्छ । कार्यालयमा सवारी साधन, ल्याप्टप, कम्प्युटर, प्रिन्टर, इन्भर्टर, टेलिफोन, मोटरसाइकल, साइकल, मोबाइल, लगायतका भौतिक श्रोत सामग्री रहेका छन् । सो सम्वन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

**आ.व. २०८०/८१को जिन्सी मौज्दातको वार्षिक विवरण**

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | जम्मा मूल्य रु. | |
| १ | | ६११२२२२००२ | ल्यापटप | पिस | १० | | ७५४,८४०.०० | |
| २ | | ६११२२२२००६ | प्रोजक्टर | पिस | १ | | ६३,३७२.०० | |
| ३ | | ६११२२२३०२१ | स्टेबिलाइजर | पिस | ६ | | १०८,०००.०० | |
| ४ | | ६११२१०९००२ | स्कुटर | संख्या | २ | | ४३९,३८१.०० | |
| ५ | | ६११२११०००४ | पिकअप | संख्या | १ | | ६,९८८,१००.०० | |
| ६ | | ६११२२२३०२६ | कुलर | संख्या | २ | | २८,०००.०० | |
| ७ | | ६११२२२१००४ | साइन बोर्ड | पिस | १ | | २,५००.०० | |
| ८ | | ६११२२२२००३ | प्रिन्टर | पिस | ८ | | १५७,२००.०० | |
| ९ | | ६११२३११०१६ | कोट हेंगर | पिस | १ | | २,५००.०० | |
| १० | | ६११२२२३००७ | फ्रिज | पिस | १ | | २६,५००.०० | |
| ११ | | ६११२३११०५३ | साईड टेबल | पिस | १ | | ७,८५०.०० | |
| १२ | | ६११२२२२००४ | फोटोकपी | पिस | १ | | ५६,५००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | मेशिन | | | | | |
| १३ | | ६११२२२२००१ | डेस्कटप कम्प्युटर | पिस | ९ | | ५५०,९४४.०० | |
| १४ | | ६११२३११०१८ | खाट पलङ लोबेड | पिस | ६ | | ९२,८५०.०० | |
| १५ | | ६११२२२४००६ | मोबाइल | पिस | ४ | | १००,८००.०० | |
| १६ | | ६११२२२१००१ | पानी फील्टर | संख्या | १ | | २५,०००.०० | |
| १७ | | ६११२३११०१३ | टि टेवल | संख्या | १० | | ४६,७००.०० | |
| १८ | | ६११२२११००४ | डिजिटल क्यामेरा(Digital Camera) | संख्या | १ | | ८१,४१५.०० | |
| १९ | | ६११२३११००६ | सोफासेट | पिस | १५ | | ६०७,८००.०० | |
| २० | | ६११२२२३०७३ | मोटर(पानी तान्ने) | संख्या | २ | | २०,३४०.०० | |
| २१ | | ६११२३११०१९ | न्याक | पिस | १ | | २,०९८.०० | |
| २२ | | ६११२१०९००३ | साइकल | संख्या | ४ | | ३१,५१०.०० | |
| २३ | | ६११२३११०२१ | इस्टुल | संख्या | ३ | | ७,४००.०० | |
| २४ | | ६११२२२३००२ | सिलिङ पंखा | पिस | ४ | | १५,०००.०० | |
| २५ | | ६११२२२३००५ | एयर कन्डीसनर | पिस | १० | | ८४९,०००.०० | |
| २६ | | ६११२२११००९ | सिसिटिभी क्यामरा | पिस | ५ | | ९५,४००.०० | |
| २७ | | ६११२२२३०४१ | गिजर | संख्या | २ | | ४१,५००.०० | |
| २८ | | ६११२२२२००५ | Scanner | पिस | १ | | १३,५००.०० | |
| २९ | | ६११२२२१००५ | नेम प्लेट | पिस | १ | | ९००. | |
| ३० | | ६११२२२३००९ | युपि एस | पिस | ७ | | १०८,०००.०० | |
| ३१ | | ६११२२२३००१ | हिटर | पिस | १ | | १५,०००.०० | |
| ३२ | | ६११२१०९००१ | मोटर साइकल | संख्या | ३ | | ५७४,३३६.०० | |
| ३३ | | ६११२३११०१४ | कम्प्युटर टेबल | संख्या | ४ | | ३५,४००.०० | |
| ३४ | | ६११२३११०३५ | रोष्टम | संख्या | १ | | १०,०००.०० | |
| ३५ | | ६११२३११००९ | स्टिल दराज | पिस | १० | | १४८,१००.०० | |
| ३६ | | ६११२२२३००६ | पम्प(पानी तान्ने) | पिस | १ | | ७,०८०.०० | |
| ३७ | | ६११२३११०२० | बुक सेल्फ | पिस | ८ | | १३२,०००.०० | |
| ३८ | | ६११२३११०४१ | किचेन | संख्या | १ | | २५,८००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | र्‍याक/Kitchen rack | | | | | |
| ३९ | | ६११२११०००१ | कार | संख्या | १ | | ४,४९३,१००.०० | |
| ४० | | ६११२३११०११ | रिभल्वभिङ चेयर | पिस | १९ | | ३६६,१७५.०० | |
| ४१ | | ६११२२२३०३७ | इन्भरटर | संख्या | ६ | | १००,४४५.०० | |
| ४२ | | ६११२२२३०१० | ब्याट्री(Battery BDC) | पिस | १९ | | ६४९,०७०.०० | |
| ४३ | | ६११२३११०८१ | अफिस टेबल (Office Table) | पिस | १ | | २६,५००.०० | |
| ४४ | | ६११२३११००१ | टेवुल | पिस | १२ | | ३१०,०००.०० | |
| ४५ | | ६११२३११०५५ | बुक केश(Book Case) | पिस | ४ | | ६९,९५०.०० | |
| ४६ | | ६११२२११००१ | टेलिभिजन | संख्या | १ | | ४०,०००.०० | |
| **जम्मा** | | | | | **२१३** | | **१८,३२७,८५६.००** | |

## ३.६ विनियोजन सम्बन्धी

आ.व. २०८०/८१ मा यस कार्यालयको चालु खर्च तर्फ रु २,१५,०९०००।०० बजेट विनियोजन भई रु १,९३,६२,२९२।६० खर्च भएको छ भने पुँजीगत खर्च तर्फ रु ११,२५,०००।०० बजेट विनियोजन भई आएकोमा रु ११,२४,९९७।०० खर्च भएको छ । सो सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**बार्षिक विनियोजन**

| सि.नं. | ब.उ.शि.नं. | विनियोजित रकम | खर्च रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक | |
| १ | ३०१०००११३ | २,१५,०९०००।०० | १,९३,६२,२९२।६० | ९०.१० % | १०० % | चालु |
| २ | ३०१०००११४ | ११,२५,०००।०० | ११,२४,९९७।०० | ९९.००% | १०० % | पूँजीगत |

**आ.व. २०८०/८१मा कार्यालयबाट सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति विवरण**

| कार्यक्रमको नाम | विनियजित बजेट | खर्च भएको रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | वित्तिय | भौतिक | |
| न्याय निरुपण सम्वन्धि न्यायिक समितिका पदाधिकारीहरुसंग अन्तक्रिया कार्यक्रम | १२,००,०००/- | ११ ,९९,३००/- | ९९.९% | १००% | |
| कानूनको विवादमा परेका बालबालिका न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम | ९,००,०००/- | ९,००,०००/- | १००% | १००% | |
| मुख्य न्यायाधिवक्ताको अन्तरप्रदेश कानूनहरुको अध्ययन तथा अनुभव आदान प्रदान कार्यक्रम | ४,००,०००/- | ४,००,०००/- | १००% | १००% | |
| वार्षिक समिक्षा कार्यक्रम | ५०,०००/- | ५०,०००/- | १००% | १००% | |
| कानून व्यवसायीसँग प्रदेश कानून निर्माण तथा कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तर्किया कार्यक्रम | ८,००,०००/- | ८,००,०००/- | १००% | १००% | |

**३.७ दरबन्दी सम्वन्धीको अवस्था**

यस कार्यालयका लागि स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुको पूर्ति भएको अवस्था छ । कार्य सम्पादनमा थपिएका चुनौतीहरुको सामना गर्न तथा समयको माग अनुसार कार्यालयको उद्देश्य र क्षेत्रमा भएको विस्तार अनुरुप कुशलतापूर्वक कार्य सम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तारका साथै जनशक्तिमा समेत सीप र दक्षता बढाई स्रोत साधनयुक्त बनाउन आवश्यक हुन्छ । मुख्य न्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार तथा अन्य कानूनले तोकेका कामकारवाहीहरु जिम्मेवारीकासाथ निर्वाह गर्न र कार्यालयको कार्य प्रकृतिको आधारमा विद्यमान जनशक्ति पर्याप्त नै देखिन्छ । यसले गर्दा कार्यको गुणस्तरमा अपेक्षा अनुरुप वृद्धि हुन सकेको छ । मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जिमेम्वारी अनुसार संगठन संरचना परिवर्तन गर्नुपर्ने

हुन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकील तथा कर्मचारीहरुको मौजुदा दरवन्दी तल प्रस्तुत गरिएको छ ।

**कार्यालयको जनशक्ति विवरण**

| सेवा / समुह | पद | मुख्य न्यायाधिवक्ताको कार्यालय | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपूर्ति | रिक्त | करार | |
| संवैधानिक | माननीय मुख्य न्यायाधिवक्ता | १ | १ | | | |
| न्याय सेवा, सरकारी वकील समूह | राजपत्रांकित द्धितीय | १ | १ | | | |
| | राजपत्रांकित तृतीय | ३ | २ | १ | | |
| अन्य सेवा/ समूह | अधिकृत (प्रशासन) | १ | १ | | | अधिकृत छैठौं |
| | अधिकृत (लेखा) | १ | १ | | | अधिकृत छैठौं |
| | सहायक (प्रशासन) | १ | १ | | | सहायक पाँचौं |
| | कम्प्यूटर अपरेटर | १ | १ | | | |
| | हलुका सवारी चालक | १ | १ | | १ | करार |
| | कार्यालय सहयोगी | २ | २ | | २ | करार |
| जम्मा | | १२ | ११ | १ | ३ | |

## परिच्छेद -४
## भ्रमण, गोष्ठी, तालिम र सेमिनारमा सहभागिता तथा थप जिम्मेवारी

### ४.१ भ्रमण, गोष्ठी, तालिम र सेमिनार

आ.व. २०८०।८१ मा यस कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ता, उपन्यायाधिवक्ता सहायक न्यायाधिवक्ता निम्न बमोजिमका बिभिन्न निकायबाट आयोजित कार्यक्रमहरुमा सहभागिता जनाएका थिए ।

<u>माननीय मुख्य न्यायाधिवक्ता ज्यु सहभागी भएको कार्यक्रमहरुको विवरण :-</u>

१) दलित महिला संघ, को आयोजनामा **"संघीय सुदूरपश्चिम प्रदेश दलित सशक्तिकरण ऐनको कार्यान्वयनको अवस्था"** विषयक कार्यक्रममा सहभागी भई महत्वपूर्ण योगदान गर्नु भएको । ( मिति २०८०।०४।२८ गते)

२) आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेशद्धारा मिति २०८०।०६।०३ गते आयोजित **"संविधान दिवस, २०८०"** कार्यक्रममा मुख्य न्यायाधिवक्ता ज्यूले अथिथ्यता ग्रहण गर्नु भएको ।

३) राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको आयोजनामा **"सुदूरपश्चिम प्रदेशमा बनेका कानून तथा नीतिहरुको अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको दृष्टिबाट अध्ययन गरी सोको आधारमा कानून पुनरावलोकन तथा अपाङ्गताका सवालमा सरोकारवाला"** विषयक कार्यक्रममा सहभागीता जनाउनु भएको । ( मिति २०८०।०६।२३ गते)

४) नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रिज्यूको अध्यक्षतामा **"कानून तथा न्याय विषयको कार्यक्षेत्र रहेको समितिको बैठक"** मिति २०८०।०८।७ र ८ गते विषयक कार्यक्रममा सहभागी हुनु भएको ।

५) सुदूरपश्चिम विश्वविद्यालयद्धारा मिति २०८०।०८।१५ गते संचालित **"सामाजिक न्यायका लागि कानूनी कार्यशाला शिक्षा सम्बन्धमा"** विषयक कार्यक्रममा सहभागिता जनाउनु भएको ।

६) धनगढी उपमहानगरपालिकाद्धारा मिति २०८०।०८।२३ गते आयोजना गरेको **"अन्तराष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस"** कार्यक्रममा सहभागिता जनाउनु भएको ।

७) आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट मिति २०८०।०८।२४ गते आयोजना गरेको **"मानव अधिकार दिवस २०२३"** को समारोहमा आथित्यता ग्रहण गर्नु भएको ।

८) मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशद्धारा मिति २०८१।०३। १३ र १४ गते मकवानपुर जिल्लाको हेटौंडामा आयोजना गरेको **"मुख्य न्यायाधिवक्ताहरुको सम्मेलन २०८१"** मा सहभागी हुनु भएको ।

## ४.२ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम

संघीयताको अभ्यासलाई सफल बनाउनका लागि असल कार्य अनुभवहरु आदान प्रदान गर्नु नितान्त आवश्यक हुने गर्दछ । संघीय संरचना अनुसार सात प्रदेशमा रहेका मुख्य न्यायाधिवक्तको कार्यालयहरुको कार्य प्रकृति एकै भएता पनि प्रदेश सरकार मातहतका निकायहरुको संख्या,भौतिक संरचना, राजनीतिक एवं सामाजिक परिवेश फरक भएका कारण प्रत्येक मुख्य न्यायाधिवक्ताको कार्यालयका कार्य सम्पादनका अनुभवहरु फरक — फरक हुन सक्दछन । त्यसैले संविधानमा गरिएका व्यवस्था अनुसार प्रदेश सरकारलाई आवश्यकताका आधारमा मुख्य न्यायाधिवक्ताको कार्यालयहरुले प्रदान गर्ने गरेका कानुनी राय, परामर्श सल्लाह र मार्ग चित्रणका विषयमा साक्षात्कार गर्न तथा कार्यालयको कार्यशैली, कार्यालय व्यवस्थापनमा आत्मसात गरिएका असल अभ्यासहरु बारे अध्ययन गर्नका लागि र एक आपसमा अनुभव आदान प्रदान गर्ने हेतुले अन्तर प्रदेश भ्रमण कार्यक्रम बार्षिक कार्यक्रममा समावेश गरिएको थियो ।

१. कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको प्रमुख उद्देश्य पदाधिकारी एवं कर्मचारीहरुमा नौलो विषयमा अनुभव हसिल गरी कर्मचारीहरुलाई आ-आफ्नो जिम्मेवारीमा थप उर्जाशिल भई कार्य प्रति उत्प्रेरित गर्नु थियो । यसका साथै आन्तरिक भ्रमण कार्यक्रमले पर्यटन विकासमा आर्थिकरुपमा टेवा पुग्ने हुँदा पर्यटन प्रवर्द्धनबाट देशको राजश्व वृद्धिमा योगदान पु-याउनु रहेको थियो ।

२. अपेक्षित प्रतिफल :

- कार्यालयको भौतिक संरचना, भौतिक संसाधन, जनशक्ति बारेमा जानकारी हुने,
- कार्यलयको दैनिक कार्य सम्पादनमा अपनाईने कार्य व्यवहार र कार्य शैलीले थप उत्प्रेरणा प्राप्त हुने,
- प्रदेश सरकार र मातहतका कार्यालयहरुलाई पक्ष वा विपक्ष बनाई दायर रिटको लगत एवं मुद्दा अभिलेखीकरणको विधिका सम्बन्धमा जानकारी हासिल गर्ने अवसर प्राप्त हुने,

- कानूनी राय प्रदान गर्ने विधि, समयावधी र राय प्रदानका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाका बारेमा जानकारी हासिल हुने,
- बहस पैरवी तथा प्रतिरक्षा व्यवस्थापनमा कार्यालयले अपनाएको कार्यशैली अबलम्बन गर्नमा थप सहयोग पुग्न सक्ने,
- अन्य मुख्य न्यायाधिवक्ताको कार्यालयका रणनीतिक योजनाका सम्बन्धमा जानकारी हासिल हुने आदि ।

यस प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी ज्यूको नेतृत्वमा यस कार्यालयका उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरु मिति २०८० पौष १७ गेत देखि २६ गते सम्म कर्णाली प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश स्थित मुख्य न्यायाधिवक्ताको कार्यालयहरुमा असल अभ्यास तथा कार्य सम्पादनको क्रममा आईपर्ने कानूनी एवं व्यवहारिक कठिनाईहरुको सम्बन्धमा छलफल गरिएको थियो । यसका साथै यी प्रदेश सरकार विरुद्ध परेका मुद्दाहरुको विवरण ,पेशी व्यवस्थापनका लागी अवलम्वन गरिएको पद्धति, मुद्दाहरुको प्रतिरक्षाको सिलसिलमा भोग्नु परेका समस्यमाका साथै कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन समेतका बारेमा समेत छलफल हुनुका साथै आवश्यक अनुभव आदान प्रदान गरिएको थियो ।

१. मुख्य न्यायाधिवक्ताको कार्यालयको भौतिक संरचनाको व्यवस्थापन तथा दरबन्दी थपघट सम्बन्धमा छलफल भएको ।

२. मुख्य न्यायाधिवक्ता तथा कर्मचारीहरुको बार्षिक सम्मेलन आयोजना गर्ने आवश्यक देखिएको ।

३.मुख्य न्यायाधिवक्ता र कार्यालयबाट सम्पादन हुने काम कार्बाहीलाई प्रभावकारी र एकरुपको बनाउने ।

४.प्रदेश सरकार र प्रदेश सरकार मातहत रहेका कार्यालयहरुको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षा र लिखित जवाफ एवं कानूनी मस्यौदा तयारी र मुद्दाका आवश्यक कागजात सम्वन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गर्नुपर्ने आवश्यक रहेको ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय कणाली प्रदेशमा अनुभव आदान प्रदान कार्यक्रम**






मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशमा अनुभव आदान प्रदान कार्यक्रम





मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेशमा अनुभव आदान प्रदान कार्यक्रम





**४.३ बालसुधार गृह डोटीमा रहेका बालबालिकाहरुको मानवाधिकार सुनिश्चितताका लागि सहयोगात्मक कार्यक्रम**

प्रदेश सरकारको मातहतमा रहेको बाल सुधार गृहमा रहेका बालबालिकाहरुको मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी माननीय मुख्यमन्त्री तथा महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५, को दफा १८ मा गरिएको छ।यसका साथै मुख्य न्यायाधिवक्ताको कार्यालयले बालसुधार गृह अनुगमन निर्देशिका ,२०७७ जारी गरी  बालसुधार गृहमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन मुख्यमन्त्री तथा महान्यायाधिवक्ता समक्ष पेश गर्ने गरेको छ।बालसुधार गृह डोटीको पत्रानुसार उक्त सुधार गृहमा रहेका बालबालिकाहरुका लागि जाडो याममा आवश्यक सामाग्रीहरु जस्तै ईलेक्ट्रीक केतली तथा जग, न्यायो तन्ना, ब्ल्यांकेट, आदि सामाग्रीहरु विनियोजित बजेटको परिधी भित्र रही माननीय मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी ज्यूले मिति २०८० कार्तिक २२ गते बाल सुधार गृह डोटीका निमित्त कार्यालय प्रमुख श्री सानुमाया लिम्बूलाई हस्तान्तरण गर्नु भएको थियो ।यसका साथै उक्त सुधार गृहमा रहेका बालबालिकहरुलाई प्रदेश सरकारका तर्फबाट उपलब्ध गराईएका आधारभूत सुविधाहरुका बारेमा निमित्त कार्यालय प्रमुखले जानकारी गराउनु भएको थियो।

**बाल सुधार गृहमा रहेका  बालबालिकाहरुको विवरण**

| क्र.सं. | कुल क्षमता संख्या | पुरुष संख्या | महिला संख्या | बालबालिकाको जम्मा संख्या | १८ वर्ष मुनिका बालबालिकाको संख्या | १८ वर्षभन्दा माथिका बालबालिकाको संख्या | अशक्त,विरामी, मानसिक विरामी तथा दीर्घ रोगीको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २५ | ० | ० | ५५ | ३० | २५ | १ ( एचआईभी एड्स विरुद्धको औषधी सेवन गरिरहेको ) |

बालसुधार गृह अनुगमन गर्दा निम्नानुसारको व्यवस्था रहेको पाईयो :-

(क) **खाने बस्ने व्यवस्था:** नेपाल सरकारले तोकिएको मापदण्डमा सिधा खाना पाएको बाल सुधार गृहमा रहेका बालबालिकाले बताएका छन् ।

(ख) **उचित बसोबासको अवस्था:** नेपाल सरकारले सुदूर पश्चिम प्रदेशमा मिति २०७५ भदौ ११ गते बाल सुधार गृहको स्थापना तत्कालिन संघिय सरकारको महिला तथा बालबालिका कार्यालयमा भवनलाई बाल सुधार गृहका रुपमा प्रयोग हुदै आएको छ । भवन बनावट बालमैत्री संरचनाका रुपमा नभई कार्यालय प्रयोजनका रुपमा साँघुरा ११ वटा कोठा मध्ये १ वटा

हल,सुरक्षाकर्मी कोठा,गार्डरुम,एक कार्यालय,एक भान्सा र एक कोठा स्टोर रुम रहेकोले बाँकी ६ कोठामा मात्र ५५ जना बालकहरु बस्दै आएको पाईयो ।

(ग) **स्वास्थ्य, उपचार र सरसफाइ:** बालसुधार गृहमा नियमित स्वास्थ्य चेकजाच नभएको पाईयो । स्वास्थ्यमा सामान्य समस्या आएमा जिल्ला अस्पातलमा उपचारका लागि लिने गरेको बुझियो । बाल सुधार गृहमा स्वास्थ्यकर्मिको दरबन्दी सृजना गर्नु पर्ने देखियो । बाल सुधार गृहमा बसेका कोठा सामान्य सरसफाई भएको पाईयो । न्यून संख्यामा रहेको शौचालयहरु पानी अभावका कारण पर्याप्त मात्रामा सरसफाईमा कमि देखिएको । बालसुधार गृहमा रहेको भान्सा कोठा सरसफाई रहेको पाईयो । भान्सा कोठा समेत साँघुरो र अप्रपाप्त रहेको पाईयो ।

(घ) **मर्यादित तथा निर्दोषिताको व्यवहार सम्बन्धमा:** बाल सुधार गृहमा रहेका व्यक्तीहरुलाई कुनै पनि शारीरिक तथा मानसिक यातना दिइएको नरहेको । बाल सुधार गृहमा रहेका बालक थुनुवा तथा कैद तोकिएका बालकहरुलाई मनोसामाजिक परामर्श दिने व्यवस्थाको कमि देखियो । बयान वकपत्र गर्न लैजानका लागि कार्यालयको आफ्नो गाडी समेत नरहेको ।

(ङ) **सम्पर्क ,समन्वय तथा भेटघाट:** बाल सुधार गृहमा बालकहरुका आफन्त तथा परिवारका सदस्यहरुलाई नियमित भेट्ने व्यवस्था मिलाईएको पाईयो । बाल सुधार गृहमा माननीय जिल्ला न्यायाधीश र राष्ट्रिय मानव अधिकार आयोग, पत्रकार र लगाएत गैरसरकारी संघसंस्थाबाट भेटघाट प्राय:जसो हुने गरेको पाईयो ।

(च) **सुधार गृह व्यवस्थापन:** साविक महिला तथा बालबालिका कार्यालय डोटीको भवनमा बाल सुधार गृह रुपमा स्थापना भएको रहेछ । खेलखुद मैदान र फराकिलो कम्पाउन्ड समेत नरहेको । बालसुधार गृहमा ७ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल ३ जना मात्र कार्यरत रहेको पाईन्छ । बाल सुधार गृहमा कार्यरत प्रशासन हेर्ने सहायक पाचौं तहको कर्मचारीको दोहोरो दरबन्दी दिपायल सिलगढी नगरपालिकाको महिला तथा बालबालिका फाँट समेत हेर्ने गरी तोकिएको पाईयो । बाल सुधार गृहमा पत्रपत्रिका तथा पुस्ताकालय समेतको व्यवस्था नभएको पाईयो । सामाजिक मनोपरामर्श कार्यकर्ता समेत उपलब्ध नभएकोले बाल मनोविज्ञानमा थप नकारात्मक भावना सृजना हुने देखिएको छ ।



**मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी ज्यू बालसुधार गृह डोटीका निमित्त कार्यालय प्रमुखलाई सामाग्री हस्तान्तरण गर्नुहुँदै**



## ४.४ कारागार अनुगमन

कारागारमा रहेका थुनुवा तथा कैदीबन्दी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्यलाई व्यवस्थित गर्न मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५, को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विभिन्न समयमा हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिका, २०७६ बमोजिम सुदूरपश्चिम प्रदेशका बाजुरा, अछाम र बझाङ्ग जिल्ला स्थित कारागारहरु अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्य भएको छ।

संवैधानिक निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको छ । उक्त आयोगले मानवअधिकारको उलंघन हुन नदिन र मानव अधिकार सम्वन्धी सचेतना अभिवृद्धि गर्ने कार्यमा महत्वपुर्ण कार्यगर्दै आएको छ । यसैगरी महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्तालाई पनि हिरासत तथा थुनुवा कक्षको अनुगमन तथा निरीक्षण गर्ने जिम्मेवारी कानुन बमोजिम तोकिएको छ । यस आर्थिक वर्षमा अनुगमन तथा निरीक्षण गरिएका कारागारहरुको विवरण तल प्रस्तुत गरिएको छ :-

| सि. नं. | जिल्ला | कुल क्षमता संख्या | पुरुषको संख्या | महिला संख्या | जेष्ठ नागरिकको संख्या | बाल बालिकाको संख्या | अशक्त विरामी, मानसिक विरामी तथा दीर्घ रोगीको संख्या | कैदी वन्दी संख्या | थुनुवा बन्दी संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाजुरा | २५ जना | ७१ जना | ० जना | ३ | ० | ० जना | ४६ जना | २५ जना | ७१ जना |
| २ | अछाम | ७५ जना | ८० जना | ४ जना | ० | ० | ० | ५७ जना | २७ जना | ८४ जना |
| ३ | बझाङ्ग | २५ जना | ६८ जना | ० | ७ | ० | ० | ५७ जना | ११ जना | ६८ जना |

### ४.४.१. बाजुरा कारागार अनुगमनको विवरणः

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | बाजुरा |

| | |
|---|---|
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय मार्तडी, वाजुरा। |
| अनुगमन गरेको मिति | २०८१/०२/१३ |
| अनुगमन टोलीको सदस्य सङ्ख्या | २ जना |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

२.अनुगमनको उद्देश्यः

क.कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

३.अनुगमनको विधि तथा किसिमः

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमित कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमा खटिएका सुरक्षाकर्मिहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

४. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियोः

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिका हरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| २५ | ७१ | ** | ३ | ** | ** |

**महिला कैदी वन्दी/थुनुवा राख्ने अलग्गै गृह नभएकोले तुरुन्तै कारागार कार्यालय, अछाममा स्थान्तरण गर्ने गरिएको देखिएको।

कारागारको श्रेणीः**

स्थापनाः वि.स.२०३७ सालमा।

जम्मा थुनुवाः२५

कैदी वन्दीः४६

क्षमता भन्दा वढी थुनुवाः४६ ।

गर्भवती/सुत्केरी महिलाः**

आश्रित वालवालिकाः**

खटिएका कर्मचारीः ७ जना

कार्यालय प्रमुखको नामः ना.सु.अनिल कुमार तिवारी।

खानेपानीको धाराः१(ट्याङ्की-३)

शौचालयको सङ्ख्याः३

५.अनुगमनका मुख्य विषयहरुः

क.थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा ।

ख.कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।

ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्कमा तथा धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सम्बन्धमा।

६**. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः**

- कारागार कार्यालयको आफ्नौ प्रशासनिक भवन देखिएन। त्यस्तै कैदी वन्दीहरु पुरानो जिर्ण भवनमा अप्ठेरो अवस्थामा वसेको देखियो।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो।
- पुस्तकालयको व्यवस्था भए पनि कितावहरु अपुग देखियो।
- शौचालय पुरानो र जिर्ण देखियो।
- सिपमूलक तालिमको समेत हाल व्यवस्था देखिएन।

७.व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः

-शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने।

-प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अबिलम्ब पहल गर्ने।

-कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधानहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँग तुरुन्तै पहल गर्ने।

-सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

८.समस्या समाधानको लागी उपाय तथा सुझावहरुः

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिन अपरिहार्य।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुपर्ने।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुपर्ने।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय भएकोले विद्युतको समस्या देखिएमा सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुपर्ने।

## ४.४.२. अछाम कारागार अनुगमनको विवरणः

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | अछाम |
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय मंगलसेन,अछाम। |
| अनुगमन गरेको मिति | २०८१/०२/१४ |
| अनुगमन टोलिको सदस्य सङ्ख्या | २ जना |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाप्रति राज्यका तर्फबाट मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

१.अनुगमनको उद्देश्यः

कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

२.अनुगमनको विधि तथा किसिमः

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमित कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/ कैदीहरु, कारागार प्रशासन तथा कारागार कार्यालयमा खटिएका सुरक्षाकर्मीहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

३. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियोः

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिका हरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| ७५ | ८० | ४ | ० | - | ** |

कारागारको श्रेणीः**

स्थापनाः वि.स.२०४४ सालमा।

जम्मा थुनुवाः२७

कैदी वन्दीः५७

क्षमता भन्दा वढी थुनुवाः९ ।

गर्भवती/सुत्केरी महिलाः**

आश्रित वालवालिकाः१

खटिएका कर्मचारीः९

कार्यालय प्रमुखको नामः ना.सु.इन्द्र वहादुर चौधरी।

खानेपानीको धाराः२

शौचालयको सङ्ख्याः२

४.अनुगमनका मुख्य विषयहरुः

क.थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा ।

ख.कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।

ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्क र धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सम्बन्धमा।

५. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः

- कारागार कार्यालयको आफ्नै प्रशासनिक तथा कैदीवन्दी भवन देखियतापनि प्रशासनिक भवन जिर्ण अवस्थामा रहेको तथा कैदी वन्दी भवनमा तारवारको अवस्था कमजोर रहेको देखियो।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो। खानेपानी पर्याप्तमात्रामा उपलब्ध हुन सकेको देखिएन।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो।
- धार्मिक,आध्यात्मिक तथा ऐन कानूनका कितावहरु अपुग देखियो।
- कैदी वन्दी भवनको चारैकुनामा उज्यालोको उपयुक्त व्यवस्था देखिएन। जसले गर्दा सुरक्षाकर्मीलाई ड्युटीमा समस्या परेको देखियो।

६.व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएकोछः

-शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग समन्वय गर्ने।

-प्रशासनिक भवन लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अविलम्ब पहल गर्ने।

-धार्मिक, आध्यात्मिक किताबहरु तथा अन्य मनोरञ्जनका साधनहरु टि.भी., खेलकुदका साधनहरुको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँग पहल गर्ने।

-सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

७.समस्या समाधानका उपाय तथा सुझावहरुः

- ✓ प्रशासनिक भवन/भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुपर्ने।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या समय-समयमा देखिन सक्ने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य, मनोरन्जन तथा सीपमूलक कार्यमा संलग्न गराउनु पर्ने।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुपर्ने।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशील कार्यालय भएकोले निरन्तर विद्युतको उपलब्धता सुनिश्चित गर्न आवश्यक पहल गर्नु उपयुक्त हुने।




## ४.४.३. बझाङ्ग कारागार अनुगमनको विवरणः

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | बझाङ |
| कारागार कार्यालय | कारागार कार्यालय चैनपुर, बझाङ। |
| अनुगमन गरेको मिति | २०८१/०३/०९ |
| अनुगमन टोलिको सदस्य सङ्ख्या | ३ जना |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

१.अनुगमनको उद्देश्यः

क.राज्यबाट कैदी एंव थुनुवा बन्दी प्रति मानवोचित व्यवहार भए नभएको सम्बन्धमा।

२.अनुगमनको विधि तथा किसिमः

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुरपश्चिम प्रदेशको नियमित कार्यक्रम अन्तर्गत रही स्थलगत अवलोकन तथा थुनुवा/ कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमा खटिएका सुरक्षाकर्मीहरुसँग अन्तरवार्ता तथा छलफल विधि प्रयोग गरिएको थियो।

३. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको पाईयोः

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिका हरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| २५ | ६८ | - | ७ | - | - |

**महिला कैदी वन्दी/थुनुवा राख्ने अलग्गै गृह नभएकोले तुरुन्तै कारागार कार्यालय, डडेलधुरा स्थानान्तरण गर्ने गरिएको देखिएको।

कारागारको श्रेणीः२०७५ साल नयाँ भवन निर्माण गरिएको ।

स्थापनाः वि.स.२०३२ सालमा।

जम्मा थुनुवाः११

कैदी वन्दीः- ५७ जना

क्षमता भन्दा वढी थुनुवाः४३।

गर्भवती/सुत्केरी महिलाः-

आश्रित वालवालिकाः........

हिरासत व्यवस्थापनमा खटिएका कर्मचारीः१७

कार्यालय प्रमुखको नामः नायव सुब्बा श्री धन बहादुर घर्ती।

खानेपानीको धाराः३

शौचालयको सङ्ख्याः४

बाथरुमको संख्याः२

४.अनुगमनका मुख्य विषयहरुः

क.थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमाः- नियमानुसार दैनिकरुपमा तोकिएको मापदण्ड बमोजिम उपलब्ध गराउने गरेको ।

ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमाः- प्रत्येक दुईवर्षमा लत्ताकपडा उपलब्ध गराउने गरेको (मौसम अनुसार)।

ग. स्वास्थ्य उपचार र सरसफाई सम्बन्धमा :- स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति रहेकोले निजले उपचार गर्ने गरेको।

घ. सम्पर्क, समन्वय तथा भेटघाट:- थुनुवा एवं कैदीबन्दीका आफन्तसँग भेटघाट गर्न छुट्टै भेटघाट कक्ष नभएतापनि भेटघाट हुने गरेको।

५. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः

- कारागारका लागि स्थान कम भएको।
- अध्ययन गर्न चाहने कैदी एवं थुनुवाहरुका लागि कारागार भित्र परीक्षामा सहभागी हुने वातावरण नरहेको पाईयो।
- खेलकुदका लागि प्रयाप्त ठाउँको अभाव भएको ।
- उर्जाको वैकल्पिक स्रोत जस्तै ईन्भर्टर, व्याट्री र सौर्य उर्जाको व्यवस्था नरहेको ।
- थुनुवा वा कैदीबन्दी बिरामी पर्दा अस्पताल जान आउन गाडी नभएको ।

६.व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः

-शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने।

-प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत पहल गर्ने।

-कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधनहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरु सँग पहल गर्ने।

-सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

७.समस्या समाधानको लागी उपाय तथा सुझावहरुः

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुपर्ने।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य, मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनु पर्ने।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुपर्ने ।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले वैकल्पिक उर्जाको व्यवस्थापनमा आवश्यक पहल गर्नुपर्ने ।

**निष्कर्ष :**

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो। कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थुनुवा तथा वन्दीहरु समेत मानवनै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन। तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ। अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु।





### ४.५ मुख्य न्यायाधिवक्ताको अन्य भूमिका

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को ३८ (२) ले संघीय प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने व्यवस्था गरेको छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को दफा ३९(३) बमोजिम प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको काम कारबाहीलाई व्यवस्थित गर्नका लागी प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको कार्यसंचालन कार्यविधि तर्जुमा गरिएको छ ।यस बोर्डलाई पूर्ण बनाउनका लागि मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा विभिन्न मितिमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको बैठक बसी सुदूरपश्चिम प्रदेश सरकारलाई पत्राचार गर्ने कार्य भएको छ।

सुदुरपश्चिम प्रदेश सरकारको निर्णानुसार प्रदेशमा नयाँ कानून निर्माण गर्न र सम्बन्धित मन्त्रालयबाट तयार भएका मस्यौदा उपर सुझाव दिन **प्रदेश कानून तर्जुमा तथा सुझाव समितिको** संयोजकको जिम्मेवारी मुख्य न्यायाधिवक्तालाई तोकीएको छ। नेपालको संविधानको धारा ५७ र प्रदेश सरकारको अधिकारका विषयहरु समावेश गरिएको अनुसूची ६ र संघ तथा प्रदेश सरकारका संयुक्त अधिकारका विषयहरु उल्लेखित गरिएको अनुसूची ७ का विषयमा प्राथमिकता आधारमा कानून निर्माण गर्ने, संशोधन गर्ने र सुझाव सम्वन्धित मन्त्रालयमा पठाउने कार्य उक्त समितिले निरन्तर गर्दै आएको छ।

## परिच्छेद – ५

## समस्या तथा सुझाव

### ५.१ समस्या

१. यस कार्यालयका अधिकांश मुद्दाहरु सम्मानीत सर्वोच्च अदालत काठमाडौंमा रहेको अवस्था छ र प्रायजसो हर्सैपिच्छे मुद्दाको पेशी चढाईको हुन्छ। तर धनगढीबाट काठमाडौं बहस, पैरवीका लागि जाँदाँ नेपाल सरकारको दैनिक भ्रमण भत्ता नियमावली अनुसार पाईने दैनिक भत्ता न्यून भएका कारण पेशीका दिन सर्वोच्च अदालतमा उपस्थित हुँदा व्यक्तिगत खर्च समेत हुने गरेको छ जसले गर्दा सरकारी वकीलहरु यस कार्यालयमा लामो अवधिको लागि बस्न नचाहने हुनाले कार्यालयको कार्य सञ्चालनमा चुनौती थप भएको अवस्था छ।

२. यस कार्यालयको नाममा घर जग्गा नभएको हुँदा स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुका लागि सहज वातावरणमा कार्य सञ्चालन गर्न र जिन्सी मालसामानहरुको उचित व्यवस्थापनमा असहजता भएको छ ।

३. महान्यायाधिवक्ता कार्यालय अन्तर्गतका सरकारी वकील कार्यालयहरुमा कार्यरत समकक्षी सरकारी वकीलहरुको तुलनामा अध्ययन भ्रमणका अवसर न्यून हुने भएकोले यस कार्यालयका सरकारी वकीलहरु छोटो-छोटो अवधीमै अन्यत्र सरुवा गरी जाने परिपाठी विद्यमान रहेको छ।

४. प्रदेश सरकार वा मातहतका निकायबाट कानुनी राय माग गर्दा प्रक्रिया पुरा नगरी कानूनी रायका लागि पत्राचार हुने गरेको छ। यसरी कानूनी राय माग्दा कानूरी राय माग गरिएको विषयको मूल आसय स्पष्ट नहुँदा मुख्य न्यायाधिवक्तालाई कानूनी राय प्रदान गर्न ढिलो एवं असहज हुने गर्दछ।

५. यस प्रदेशका उच्च अदालत दिपालय र ईजलाश महेन्द्रनगरमा रहेको हुँदा मुद्दामा बहस पैरवी तथा प्रतिक्षा गर्न र अदातलसँग आवश्यक समन्वय गर्न बढी खर्चिलो भएको छ ।

६. प्रदेश सरकारबाट तर्जुमा गरिएका कानूनी व्यवस्था अनुसार केही कसुरमा दण्ड तथा जरिवानाको व्यवस्था गरिएको छ।तर यी कानूनमा समावेश कसुरहरुको अनुसन्धान, अभियोजन तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था स्पष्ट नगरिएको हुँदा ऐन कार्यान्वयनमा कठिनाई भएको छ ।

७. नेपालको संविधान अनुसूची -७, ८ र ९ मा उल्लेखित संघ र प्रदेशको अधिकार क्षेत्रसँग सम्बन्धित विषयमा कानून तर्जुमा गरी कार्यान्वयनको गर्दा उक्त कानून संघीय कानूनसँग बाँझिएको छ छैन मुख्य न्यायाधिवक्ताको कार्यालय जाँच गर्नुपर्ने हुन्छ। त्यसैगरी स्थानीय तहबाट जारी कानुनहरु संघ र प्रदेशसँग बाझिएको छ छैन उक्त विषयमा समेत अध्ययन गरी सरकारलाई अवगत गराउनु पर्दछ।तर यसरी निर्माण भएका कानूनहरुका सम्बन्धमा अध्ययन अनुसन्धान गर्नका लागि कार्यालयमा स्रोतको अभावको स्थिती विद्यमान रहेको छ।

८. मुख्य न्यायाधिवक्ताको कार्यालयका तर्फबाट विशिष्ट प्रकृतिको मुद्दामा विषय विज्ञकोरुपमा बहस पैरवीका लागि कानून व्यवसायीबाट सेवा लिँदा प्रदेश सरकारका तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्ने त्यस्ता कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्ने पारिश्रमिक सम्बन्धी मापदण्ड प्रदेश सरकारबाट निर्धारण भई नसकेको हुँदा कानून व्यवसायीको रुपमा विषय विज्ञको सेवा प्राप्त गर्न असहज हुने गरेको छ।

९. यस कार्यालयको TERMS OF REFERENCE अनुसार कार्ययोजना तर्जुमा गर्दा न्यून बजेट सिलिङका कारण बार्षिक विकास कार्यक्रममा समावेश गर्न सकिएको छैन।

१०. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको नियन्त्रण हो स्पष्ट हुन सकेको छैन ।नत अधिकार प्रत्यायोजन गर्ने मिल्ने संवैधानिक व्यवस्था छ न मुख्य न्यायाधिवक्तालाई अभियोजनको अधिकार दिईएको अवस्था छ।

## ५.२ सुझावहरु

१. नेपालको संविधानको धारा १६० उपधारा १ मा “महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ” भन्ने उल्लेख गरिएको छ । साथै उपधारा ६ मा “मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्नेछ” भन्ने उल्लेख छ । संविधानको मर्म बमोजिम प्रत्येक प्रदेशमा भैरहेका फौजदारी कसूरमा महान्यायाधिवक्ताको प्रत्यायोजित अधिकारको अभ्यास मुख्य न्यायाधिवक्ता तथा यस अन्तर्गतका सरकारी वकीलबाट हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२. यस कार्यालयको कार्य क्षेत्रसँग सम्बन्धी कार्यक्रम वार्षिक विकास कार्यक्रम न्यून बजेट सीमाका कारण समावेश गर्न नसकिने अवस्था छ।त्यसैले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयले मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि बर्षिक तथा त्रिवर्षिय बजेट प्रक्षेपण (सिलिङ्ग) छुट्याउदाँ यसको सीमा बढाउनु पर्ने देखिन्छ।

३. प्रदेश सरकारले मुद्दाको गार्भियताका आधारमा विज्ञको सेवा लिनु पर्ने  हुन सक्छ। यस्तो अवस्थामा बिज्ञको रुपमा प्रदेश सरकारका तर्फबाट वकालत गर्ने कानून व्यवसायीलाई बहस पैरवी तथा प्रतिरक्षा गरे वापत उपलब्ध गराउनु पर्ने पारिश्रमिक सम्बन्धी खर्चको मापदण्ड अविलम्ब तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ।

४. यस कार्यालयका सरकारी वकीलहरुको नियुक्ति, सरुवा र बढुवा जस्ता वृति विकास सम्बन्धी कार्य महान्यायाधिवक्ताको कार्यालय मार्फत हुने गर्दछ । संघीय सरकार र प्रदेश सरकारबीच विवाद भै अदालतमा मुद्दा दर्ता भएमा यस कार्यालयका सरकारी वकीलहरुको उक्त मुद्दामा भविष्यमा जाने कार्यालयको स्वार्थ बाझिन सक्ने हुन्छ तसर्थ महान्यायाधिवक्ताको कार्यालयले एक पटक मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटाएका सरकारी वकीलहरुलाई मुख्य न्यायाधिवक्ता कार्यालयहरुमा मात्रै सरुवा गरी दिँदा निज वकीलहरुले दिने सेवा अझ बढी प्रभावकारी हुने देखिन्छ।

५. संविधानको अनुसूची-७ मा संघ तथा  प्रदेशको साझा अधिकारको सूचीको क्र.सं. ३ मा कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी विषय उल्लिखित गरिएको हुँदा प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी प्रदेश कानून निर्माण गर्नु पर्ने देखिन्छ । जसले गर्दा मुलुकी फौजदारी सहिंता ( कसुर तथा सजाय निर्धारण ) को दफा ३८ (२) मा गरिएको प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड सक्रिय हुने देखिन्छ ।

६. प्रदेश सरकारले यस कार्यालयका सरुवा भई आउने न्यायाधिवक्ताहरुलाई कार्य प्रति उत्प्रेरित बनाउन कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता तथा अन्य सुविधाहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ । आर्थिक वर्ष २०८०।८१ सम्ममा यस कार्यालयबाट सर्वोच्च अदालतमा पेशी तोकिएका दिन बहस पैरवीका लागि उपस्थित हुन जाँदा आउदा प्रचलित नियमानुसार पाईने दैनिक भत्ताले अपुग हुने गर्दछ जुन यर्थात पनि छ। त्यसैले यस कार्यालयको सम्पर्क कार्यालय काठमाडौंमा स्थापना गरिएमा वा दैनिक तथा भ्रमण भत्ता केही थप सुविधाको व्यवस्था गरिएमा मुख्य न्यायाधिवक्ता तथा अन्य न्यायाधिवक्ताहरुलाई सहजरुपमा बहस पैरवी तथा प्रतिरक्षा गर्न उत्प्रेरित गर्ने निश्चित देखिन्छ।

७. उच्च अदालत दिपायल र उच्च अदालत दिपायल महेन्द्रनगर ईजलाशले सूचना प्रविधिको प्रयोग गरी अनलाईन माध्यमबाट बहस पैरवीको सुविधा शुरु गरेकाले केही खर्चमा मितव्ययीता भएको छ।तर सम्मानीत सर्वोच्च अदालतमा पनि यस किसिमको सेवा विस्तारका लागि प्रदेश सरकारले आवश्यक पूर्वाधारको व्यवस्था मिलाउन पहल गरेमा प्रदेश सरकारको खर्च कटौती हुनुका साथै कार्यालयको कार्यसम्पादनमा सहजता आउने देखिन्छ ।

८. प्रदेश सरकारबाट निर्माण गरिएका कानूनमा दण्ड जरिवानाको व्यवस्था गरिएको छ। उक्त कानूनमा तोकिएका मुद्दामा अनुसन्धान गर्ने निकाय, निर्णय गर्ने अधिकारी र मुद्दा हेर्ने अधिकारी सम्बन्धी स्पष्ट व्यवस्था नगरिएको पाईएको छ। त्यसैले ती कानूनहरुको पुनरावलोकन गरी आवश्यक नियमावली तथा कार्यविधि तयार गरी कानून कार्यान्वयनमा सहजीकरण गर्ने पर्ने देखिन्छ।

९. लिखित जवाफ पेस गर्दा म्यादलाई मध्यनजर गरी सम्बद्ध कागजपत्र समेत साथै राखी यस कार्यालयमा उपलब्ध गराई प्रतिरक्षाको कार्यलाई सहज र प्रभावकारी बनाईनुपर्ने देखिएको छ।सो का निम्ती मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सबै मन्त्रालयका सचिव, कानून अधिकृत, र कार्यालय प्रमुखलाई लिखित जवाफ सम्बन्धी विशिष्टीकृत तालिमको व्यवस्था गर्नु अपरिहार्य छ।

१०. मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुले सर्वोच्च, उच्च अदालत र जिल्ला अदालतमा मुख्यतया रिटसम्बन्धी मुद्दाहरु हेर्नुपर्ने हुँदा संवैधानिक कानूनको विषयमा क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरी दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

११. महान्यायाधिवक्ताको कार्यालयबाट खटिने सरकारी वकील/कर्मचारीको मनोबल उच्च राख्न एवं उनीहरुलाई मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्य गर्न उत्प्रेरित गर्नका लागि उनीहरुको वृत्ति विकास तालिम एवं सेवा सुविधामा यथोचित ध्यान पु-याउनु जरुरी छ।

१२. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल बोर्डले प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड गठन हुने व्यवस्था भएकोले सो बोर्डलाई तत्काल पूर्णता दिन अपरिहार्य छ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढीमा कार्यरत कर्मचारीको विवरण**

| क्र.स. | नाम | पद | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री ठेकेन्द्र राज जोशी | मुख्य न्यायाधिवक्ता | २०८१ श्रावण २७ | हालसम्म |
| २ | श्री टेक बहादुर थापा | उपन्यायाधिवक्ता | २०८० जेठ | हालसम्म |
| ३ | श्री श्रीराम ओझा | सहायक न्यायाधिवक्ता | २०८० जेष्ठ | हाल उ.स.व.का. पाटन |
| ४ | श्री पुस्कर न्यौपाने | सहायक न्यायाधिवक्ता | २०८१ श्रावण | हालसम्म |
| ५ | श्री महादेव पन्त | लेखा अधिकृत | २०७९ असोज | हालसम्म |
| ६ | श्री सत्यराज पडाल | अधिकृत छैठौं | २०७६ बैशाख | हालसम्म |
| ७ | श्री माधव प्रसाद बडू | सहायक पाँचौं | २०७९ मंसिर | हालसम्म |
| ८ | श्री दिपा शर्मा | कम्प्यूटर अपरेटर | २०८० मंसिर | हालसम्म |
| ९ | श्री संजय राना | हलुका सवारी चालक | २०७५ फागुन | हालसम्म |
| १० | श्री गणेश राना | हलुका सवारी चालक | २०७६ वैशाख | हालसम्म |
| ११ | श्री बबिता तिवारी | कार्यालय सहयोगी | २०७५ जेठ | हालसम्म |
| १२ | श्री कमल चौधरी | कार्यालय सहयोगी | २०७५ असार | हालसम्म |
| १३ | श्री पदम राज पन्त | चौकीदार | २०७८ फागुन | हालसम्म |